
विधेयक सङ्ख्याः

मेलमिलाप सम्बन्धी ऐन, २०६८ लाई संशोधन गर्न बनेको विधेयक



सङ्घीय संसद सचिवालय

संसद भवन, सिंहदरबार

२०८३

उद्देश्य र कारण

मेलमिलापको माध्यमबाट छिटो छरितो तथा सरल प्रक्रियाबाट विवादको समाधन गरी न्यायमा सर्वसाधरणको पहुँच बढाउन, मेलमिलाप सम्बन्धी कार्य प्रदेश तथा स्थानीयस्तरमा समेत विस्तार गरी नेपालको संघीय संरचना बमोजिम ऐनलाई परिमार्जन गर्न तथा संवत् २०६८ सालमा जारी भएको ऐनलाई समसामयिक रूपमा परिमार्जन गर्न मेलमिलाप सम्बन्धी ऐन, २०६८ लाई संशोधन गर्न आवश्यक भएको छ।

विधेयकमा मुख्य रूपमा गरी विवाद समाधानमा मेलमिलापको लागि नियुक्त हुने मेलमिलापकर्ताको सङ्ख्या सम्बन्धी व्यवस्था सरलीकृत गरी मेलमिलाप प्रक्रियालाई सहज बनाउने, पाँचजना वा सो भन्दा बढी न्यायाधीश कार्यरत रहेको जिल्लामा जिल्ला न्यायाधीशहरू मध्येबाट प्रधान न्यायाधीशले तोकेको न्यायाधीशले त्यस्तो अदालतमा दायर भएको मुद्दामा पक्षबाट कुनै सेवा सुविधा नलिई मेलमिलापकर्ताको रूपमा काम गर्नेसक्ने, वाणिज्य क्षेत्रसँग सम्बन्धित विवाद मेलमिलापबाट समाधान गर्ने समेत कामको लागि वाणिज्य क्षेत्र मेलमिलाप प्रवर्धन समिति गठन गर्ने, मेलमिलाप समन्वय समितिको संरचनालाई प्रदेश तथा जिल्लास्तरमा समेत विस्तार गरी प्रदेश मेलमिलाप समन्वय समिति र जिल्ला मेलमिलाप समन्वय समिति गठन गर्ने, सामुदायिक मेलमिलापको कार्यलाई व्यवस्थित तथा प्रभावकारी बनाउन सम्बन्धित स्थानीय तहको सहयोग तथा सहकार्यमा समुदायले स्थानीय तहमा सामुदायिक मेलमिलाप केन्द्र स्थापना गर्नसक्ने विषयहरू समावेश छन्।

त्यसैगरी स्थानीय तहमा हुने मेलमिलापको लागि स्नातक उपाधि हासिल गरेको व्यक्ति उपलब्ध नभएमा कम्तीमा माध्यमिक शिक्षा उत्तीर्ण वा सो सरहको शैक्षिक योग्यता भएका व्यक्तिले मेलमिलापकर्ताको रूपमा काम गर्नसक्ने, मेलमिलाप सम्बन्धी कार्यलाई थप सहज बनाउन श्रव्य-दृष्य संवाद (भिडियो कन्फ्रेन्स) मार्फत समेत मेलमिलापकर्ताले मेलमिलाप सम्बन्धी छलफल तथा सहजीकरण गर्नसक्ने व्यवस्था मिलाउने, मुद्दा हेर्ने निकायले कुनै मुद्दामा स्थानीय तहबाट मेलमिलाप गराउन उचित देखेमा त्यस्तो मुद्दा सम्बन्धित स्थानीय तहमा पठाउनसक्ने लगायतका विषयहरू समावेश गरी ऐनलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न मेलमिलाप सम्बन्धी ऐन, २०६८ लाई संशोधन गर्न आवश्यक भएकोले यो विधेयक पेस गरेको छु।

सोविता गौतम
मन्त्री
कानून, न्याय तथा संसदीय मामिला

आर्थिक टिप्पणी

प्रस्तुत विधेयकमा वाणिज्य क्षेत्रको विवाद समाधानको वैकल्पिक उपायको रूपमा मेलमिलापलाई प्रवर्धन गर्न वाणिज्य क्षेत्र मेलमिलाप प्रवर्धन समिति गठन गर्ने, मेलमिलाप सम्बन्धमा प्रदेशस्तरीय मेलमिलाप समन्वय समिति गठन गर्ने, प्रत्येक जिल्लामा जिल्ला मेलमिलाप समन्वय समिति गठन गर्ने तथा सामुदायिक मेलमिलापको कार्यलाई व्यवस्थित तथा प्रभावकारी बनाउन सम्बन्धित स्थानीय तहको सहयोग तथा सहकार्यमा समुदायले स्थानीय तहमा सामुदायिक मेलमिलाप केन्द्र स्थापना, सञ्चालन तथा व्यवस्थापनको लागि सामुदायिक मेलमिलाप केन्द्रको कोषको स्थापना गर्ने लगायतका विषयहरू सामवेश गरिएका छन्।

उल्लिखित व्यवस्थाहरूको कार्यान्वयनको लागि नेपाल सरकारलाई थप आर्थिक व्ययभार पर्ने देखिन्छ।

मेलमिलाप सम्बन्धी ऐन, २०६८ लाई संशोधन गर्न बनेको विधेयकमा रहेको प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणी

क्र.स.	विधेयकको दफा	प्रत्यायोजित व्यवस्थापनको कारण	प्रत्यायोजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृति र सीमा	प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव
१	दफा १४ (१)	मेलमिलापकर्ताको प्रमाणपत्र दिँदा लिइने दस्तुर लिने व्यवस्था गर्न आवश्यक भएकोले।	मेलमिलापकर्ताको प्रमाणपत्र दिँदा लिइने दस्तुर नियमावलीमा तोकिने।	मेलमिलापकर्ताको प्रमाणपत्र दिँदा लिइने दस्तुर यकिन हुने।
२	दफा १४ को (४)	मेलमिलापकर्ताको प्रमाणपत्र रद्द गर्न सकिने कार्यविधि निर्धारण गर्नु पर्ने भएकोले।	मेलमिलापकर्ताको प्रमाणपत्र रद्द गर्न सकिने कार्यविधि नियमावलीमा प्रष्ट हुने।	मेलमिलापकर्ताको प्रमाणपत्र रद्द गर्न सकिने कार्यविधिगत व्यवस्था प्रष्ट हुने
३	दफा २२ बाट मूल ऐनमा थप गर्न प्रस्ताब गरिएको दफा २८क. को को उपदफा (४)	वणिज्य क्षेत्र मेलामिलाप प्रबर्धन समितिको काम कर्तव्य र अधिकार तोक्न आवश्यक भएको।	वाणिज्य क्षेत्रको मेलमिलाप प्रवर्धन समितिको काम, कर्तव्य र अधिकार नेपाल सरकारले नियम बनाई तोक्ने।	वाणिज्य क्षेत्र मेलमिलाप प्रवर्धन समिति काम कारबाही व्यवस्थित हुने
४	दफा २२ बाट मूल ऐनमा थप गर्न प्रस्ताब गरिएको दफा २८ख. को उपदफा (७)	प्रदेश मेलमिलाप समन्वय समितिले समितिको बैठक सञ्चालन गर्ने सम्बन्धी कार्यविधि निर्धारण गर्न आवश्यक भएको।	प्रदेश मेलमिलाप समन्वय समितिले समितिको बैठक सञ्चालन सम्बन्धी कार्यविधि तोक्ने।	प्रदेश मेलमिलाप समन्वय समितिको बैठक सञ्चालन लागि अपनाउने कार्यविधिको सम्बन्धमा स्पष्टता हुने।
५	दफा २२ बाट मूल ऐनमा थप गर्न प्रस्ताव गरिएको दफा २८ग. को	प्रदेश मेलमिलाप समन्वय समितिको अन्य काम मेलमिलाप परिषद्ले निर्धारण गर्न आवश्यक	मेलमिलाप परिषद्ले आवश्यकता अनुसार प्रदेश मेलमिलाप	मेलमिलाप परिषद्लाई प्रदेश मेलमिलाप समन्वय समिति

	खण्ड (ङ)	भएको।	समन्वय समितिको काम तोक्नेसक्ने।	मार्फत काम गराउन वैधता प्रदान हुने।
६	दफा २३ बाट संशोधन प्रस्ताव गरिएको मूल ऐनको दफा २९ को उपदफा (४)	जिल्ला मेलामिलाप समन्बय समितिको काम, कर्तव्य र अधिकार तथा बैठक सञ्चाल सम्बन्धी व्यवस्था गर्न आवश्यक भएको।	जिल्ला मेलामिलाप समन्वय समितिको काम, कर्तव्य र अधिकार नियमावलीमा तोकिने।	जिल्ला मेलामिलाप समन्वय समितिको काम, कर्तव्य र अधिकार प्रष्ट हुने।
७	दफा २५ को उपदफा (३) बाट मूल ऐनको दफा ३३ मा थप गर्न प्रस्ताब गरिएको उपदफा (६)	मेलमिलापकर्तालाई दिईने परिचयपत्रको ढाँचा निर्धारण गर्न आवश्यक भएको।	मेलमिलापकर्तालाई दिईने परिचयपत्रको ढाँचा नेपाल सरकारले नियमावली बनाई निर्धारण गर्ने।	मेलमिलापकर्तालाई प्रदान गरिने परिचयपत्रको ढाँचा निर्धारण हुने।
८	दफा २७ बाट मूल ऐनमा थप गर्न प्रस्ताव गरिएको दफा ३४क. को उपदफा (३)	स्थानीय तहको कानूनद्वारा समुदायिक मेलमिलाप केन्द्रको स्थापना तथा सञ्चालन सम्बन्धी व्यवस्था गर्न आवश्यक भएको।	सामुदायिक मेलमिलाप केन्द्रको स्थापना र सञ्चालनमा सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले कानून बनाई निर्धारण गर्ने।	सामुदायिक मेलामिलाप केन्द्रको स्थापना र सञ्चालन गर्ने सम्बन्धी व्यवस्था निर्धारण हुने।
९	दफा २७ बाट मूल ऐनमा थप गर्न प्रस्ताव गरिएको दफा ३४ख. को उपदफा (७)	स्थानीय तहको कानूनद्वारा सामुदायिक मेलमिलाप केन्द्रको कोष सञ्चालन सम्बन्धी व्यवस्था गर्न आवश्यक भएको।	स्थानीय तहको कानून बमोजिम सामुदायिक मेलमिलाप केन्द्रको कोष सञ्चालन गर्ने प्रक्रिया निर्धारण हुने।	सामुदायिक मेलमिलाप केन्द्रको कोषको सञ्चालनको लागि प्रक्रिया निर्धारण हुने।
१०	दफा ३३ बाट मूल ऐनमा थप गर्न प्रस्ताब गरिएको दफा ४९	मेलमिलाप परिषदले ऐन र यस ऐन अन्तर्गत बनेको नियमको अधिनमा रही आवश्यक निर्देशिका वा कार्यविधि बनाउन सक्ने व्यवस्था गर्नु परेकोले।	ऐन र यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही परिषद्ले निर्देशिका वा कार्यविधि बनाई लागू गर्ने।	ऐनको प्रभावकारी कार्यान्वयन हुने।

मेलमिलाप सम्बन्धी ऐन, २०६८ लाई संशोधन गर्न बनेको विधेयक

प्रस्तावना : मेलमिलाप सम्बन्धी ऐन, २०६८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसद्ले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "मेलमिलाप सम्बन्धी (दोस्रो संशोधन) ऐन, २०८३" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **मेलमिलाप सम्बन्धी ऐन, २०६८ को दफा २ मा संशोधन** : मेलमिलाप सम्बन्धी ऐन, २०६८ (यस पछि "मूल ऐन" भनिएको) को दफा २ को खण्ड (छ) को सट्टा देहायको खण्ड (छ) राखिएको छः-

"(छ) "मुद्दा हेर्ने निकाय" भन्नाले अदालत सम्झनु पर्छ र सो शब्दले अर्धन्यायिक निकाय वा न्यायिक समितिलाई समेत जनाउँछ।"

३. **मूल ऐनको दफा ३ मा संशोधन** : मूल ऐनको दफा ३ को,-

(१) उपदफा (२) मा रहेका "प्रचलित कानून बमोजिम मिलापत्र हुन सक्ने" भन्ने शब्दहरूको सट्टा "प्रचलित कानून बमोजिम मेलमिलाप वा मिलापत्र हुन सक्ने" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपदफा (४) पछि देहायका उपदफा (४क) र (४ख) थपिएका छन्:-

"(४क) मुद्दा हेर्ने निकायमा दायर भएका प्रचलित कानून बमोजिम मेलमिलाप वा मिलापत्र हुन सक्ने मुद्दामा त्यस्तो मुद्दाका दुवै पक्षको तारिख जोडिएपछि न्यायाधीश वा मुद्दा हेर्ने अधिकारीले मुद्दाका पक्षहरूसँग मुद्दाको अन्तिम निरूपणको लागि लाग्ने अनुमानित समयावधि, अदालती खर्च, मुद्दाको प्रक्रिया तथा मेलमिलापका फाइदाको विषयमा परामर्श छलफल गर्नु पर्नेछ।

(४ख) उपदफा (४क) बमोजिम छलफल गर्दा मुद्दाका पक्षले मेलमिलाप गर्न चाहेमा मुद्दा हेर्ने निकायले मेलमिलापद्वारा विवादको निरूपण गर्ने आदेश दिनेछ।"

(३) उपदफा (५) मा रहेका "उपदफा (३) र (४)" भन्ने शब्दहरूको सट्टा "उपदफा (३), (४) र (४ख)" भन्ने शब्दहरू राखिएका छन्।

४. **मूल ऐनको दफा ५ मा संशोधन** : मूल ऐनको दफा ५ को सट्टा देहायको दफा ५ राखिएको छः-

"५. **मेलमिलापकर्ताको सङ्ख्या** : (१) सम्झौतामा मेलमिलापकर्ताको सङ्ख्या तोकिएको वा पक्षहरूले एक जना भन्दा बढी मेलमिलापकर्ता नियुक्त गर्न सहमत भएकोमा सोही बमोजिम र त्यस्तो सङ्ख्या नतोकिएको वा सहमति नभएकोमा एकजना मेलमिलापकर्ताद्वारा मेलमिलाप प्रक्रिया सञ्चालन गरिनेछ।

(२) उपदफा (१) बमोजिम एकजना भन्दा बढी मेलमिलापकर्ता नियुक्त भएकोमा मेलमिलापकर्ताहरूले आफूमध्येबाट एक जनालाई संयोजक तोक्नु पर्नेछ।"

५. **मूल ऐनको दफा ६ मा संशोधन** : मूल ऐनको दफा ६ को उपदफा (१) को ठाउँ ठाउँमा रहेका "नियमावली वा" भन्ने शब्दहरू झिकिएका छन्।

६. **मूल ऐनको दफा ७ मा संशोधन** : मूल ऐनको दफा ७ को उपदफा (१) मा रहेका "उपदफा (४)" भन्ने शब्दहरूको सट्टा "उपदफा (३), (४) वा (४ख)" भन्ने शब्दहरू राखिएका छन्।

७. **मूल ऐनमा दफा ८क. थप**: मूल ऐनको दफा ८ पछि देहायको दफा ८क. थपिएको छः-

"८क. **मेलमिलापकर्ताको रूपमा काम गर्नसक्ने** : (१) पाँचजना वा सो भन्दा बढी न्यायाधीश कार्यरत रहेको जिल्ला अदालतका जिल्ला न्यायाधीशहरू मध्येबाट प्रधान न्यायाधीशले तोकेको न्यायाधीशले यस ऐन बमोजिम मेलमिलाप वा मिलापत्र हुन सक्ने त्यस्तो अदालतमा दायर भएका मुद्दामा मेलमिलापकर्ताको रूपमा समेत काम गर्नसक्नेछ।

(२) उपदफा (१) बमोजिम मेलमिलापकर्ताको रूपमा काम गर्न तोकिने न्यायाधीशले मेलमिलाप सम्बन्धी आधारभूत तालिम लिएको हुनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम मेलमिलापकर्ताको रूपमा काम गरेको न्यायाधीशले आफू मेलमिलापकर्ताको रूपमा काम गरेको मुद्दामा मेलमिलाप वा मिलापत्र हुन नसकेमा त्यस्तो मुद्दाको सुनुवाई, कारबाही र किनारामा संलग्न हुन सक्ने छैन।

(४) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस दफा बमोजिम मेलमिलापकर्ताको रूपमा काम गरेको न्यायाधीशले पक्षबाट पारिश्रमिक सेवा सुविधा वा अन्य कुनै नगद वा जिन्सी लिन पाउने छैन।"

८. **मूल ऐनको दफा १२ मा संशोधन**: मूल ऐनको दफा १२ को,-

(१) खण्ड (घ) मा रहेका "आर्थिक लेनदेन" भन्ने शब्दहरूको सट्टा "दफा ४३ बमोजिम निर्धारित पारिश्रमिक बाहेक अन्य आर्थिक लेनदेन" भन्ने शब्दहरू राखिएका छन्।

(२) खण्ड (च) मा रहेका "लेनदेन व्यवहार" भन्ने शब्दहरूको सट्टा "दफा ४३ बमोजिम निर्धारित पारिश्रमिक बाहेक अन्य लेनदेन व्यवहार" भन्ने शब्दहरू राखिएका छन्।

९. **मूल ऐनको दफा १४ मा संशोधन** : मूल ऐनको दफा १४ को उपदफा (१) मा रहेका "उपदफा (४)" भन्ने शब्दहरूको सट्टा "उपदफा (४) वा (४ख)" भन्ने शब्दहरू राखिएका छन्।

१०. **मूल ऐनको दफा १५ मा संशोधन**: मूल ऐनको दफा १५ को,-
(१) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) मेलमिलाप सम्बन्धी कार्य गर्ने कुनै संस्थाले बनाएको कार्यविधि बमोजिम मेलमिलापद्वारा विवाद समाधान गर्ने सम्बन्धमा पक्षहरूबिच सहमति भएकोमा त्यस्तो कार्यविधि बमोजिम विवादको समाधान गरिनेछ ।"

(२) उपदफा (३) मा रहेका "उपदफा (४)" भन्ने शब्दहरूको सट्टा "उपदफा (४) वा (४ख)" भन्ने शब्दहरू राखिएका छन्।

(३) उपदफा (४) मा रहेका "कार्यविधि वा नियमावलीको" भन्ने शब्दहरूको सट्टा "कार्यविधिको" भन्ने शब्द राखिएको छ।

११. **मूल ऐनको दफा १६ मा संशोधन**: मूल ऐनको दफा १६ को,–

(१) उपदफा (१) मा रहेका "विवादको मेलमिलाप गर्न सहमत भएमा" भन्ने शब्दहरूको सट्टा "विवाद समाधान गर्न सहमत भएमा" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपदफा (४) मा रहेका "उपदफा (३) वा (४)" भन्ने शब्दहरूको सट्टा "उपदफा (३), (४) वा (४ख)" भन्ने शब्दहरू र "मेलमिलापको कागज" भन्ने शब्दहरूको सट्टा "मेलमिलापको लिखत" भन्ने शब्दहरू राखिएका छन्।

(३) उपदफा (५) मा रहेका "मिलापत्रको लिखत" भन्ने शब्दहरूको सट्टा "मेलमिलापको लिखत" भन्ने शब्दहरू राखिएका छन्।

(४) उपदफा (६क) मा रहेका "फिर्ता गर्नेछ" भन्ने शब्दहरू पछि "र त्यस्तो मिलापत्र कार्यान्वयन गर्दा प्रचलित कानून बमोजिम फैसला कार्यान्वयन गर्दा लाग्ने दस्तुर लाग्ने छैन" भन्ने शब्दहरू थपिएका छन्।

१२. **मूल ऐनको दफा १७ मा संशोधन**: मूल ऐनको दफा १७ को खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छः-

"(घ) मेलमिलापबाट विवाद समाधान गर्न पक्षहरू मञ्जुर भई मेलमिलापको लिखत खडा भएमा।"

१३. **मूल ऐनको दफा १८ मा संशोधन**: मूल ऐनको दफा १८ को,-

(१) उपदफा (१) मा रहेका "उपदफा (३) वा (४)" भन्ने शब्दहरूको सट्टा "उपदफा (३), (४) वा (४ख)" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपदफा (३) मा रहेका "मिलापत्रको कागज" भन्ने शब्दहरूको सट्टा "मेलमिलापको लिखत" भन्ने शब्दहरू राखिएका छन्।

१४. **मूल ऐनको दफा २१ मा संशोधन**: मूल ऐनको दफा २१ को,-

(१) उपदफा (१) मा रहेका "तोकिएको ढाँचामा" भन्ने शब्दहरूको सट्टा "तोकिए बमोजिमको दस्तुर लिई तोकिएको ढाँचामा" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) उपदफा (१) बमोजिम दिइएको प्रमाणपत्र जारी भएको मितिले पाँच वर्षको लागि मान्य हुनेछ र तोकिए बमोजिमको नवीकरण दस्तुर बुझाई तोकिए बमोजिम नवीकरण गराउनु पर्नेछ।"

(३) उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएको छः-

"(२क) परिषद्ले प्रमाणपत्र नवीकरणको काम परिषद्को सचिवालय र मेलमिलाप अनुगमन समितिबाट हुने व्यवस्था मिलाउनेछ।"

(४) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः-

"(३) मेलमिलापकर्ताले दफा १२ को खण्ड (घ), (ङ), (च) वा (छ) विपरीत कुनै कार्य गरेमा वा निजको दफा २२ बमोजिमको योग्यता नरहेमा वा निजले कार्य सम्पादन गर्दा जालसाजपूर्ण वा किर्ते कार्य गरेमा परिषद्ले तोकिएको कार्यविधि पूरा गरी मेलमिलापकर्ताको प्रमाणपत्र रद्द गर्नेछ।"

१५. **मूल ऐनको दफा २२ मा संशोधन**: मूल ऐनको दफा २२ को उपदफा (३) पछि देहायको उपदफा (४) थपिएको छः-

"(४) उपदफा (१) को खण्ड (ग) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय तहमा हुने मेलमिलापको लागि स्नातक उपाधि हासिल गरेको व्यक्ति उपलब्ध नभएमा कम्तीमा माध्यमिक शिक्षा उत्तीर्ण वा सो सरहको शैक्षिक योग्यता भएका व्यक्तिले मेलमिलापकर्ताको रूपमा काम गर्न बाधा पर्ने छैन।"

१६. **मूल ऐनको दफा २३ मा संशोधन**: मूल ऐनको दफा २३ को उपदफा (१) को खण्ड (ग) र उपदफा (२) मा रहेका "वा नियमावली" भन्ने शब्दहरू झिकिएका छन्।

१७. **मूल ऐनको दफा २४ मा संशोधन**: मूल ऐनको दफा २४ को उपदफा (३) मा रहेका "कार्यविधि वा नियमावलीको" भन्ने शब्दहरूको सट्टा "कार्यविधिको" भन्ने शब्द राखिएको छ।

१८. **मूल ऐनको दफा २५ मा संशोधन**: मूल ऐनको दफा २५ को दफा शीर्षक र ठाउँ ठाउँमा रहेका "वा नियमावली" भन्ने शब्दहरू झिकिएका छन्।

१९. **मूल ऐनको दफा २६ मा संशोधन**: मूल ऐनको दफा २६ को उपदफा (१) को,-

(१) खण्ड (क) पछि देहायको खण्ड (क१) थपिएको छः-

"(क१) मुख्य रजिष्ट्रार, सर्वोच्च अदालत -सदस्य"

(२) खण्ड (ग) मा रहेका "सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय" भन्ने शब्दहरूको सट्टा "सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय" भन्ने शब्दहरू राखिएका छन्।

(३) उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएको छः-

"(२क) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि खण्ड (च), (छ) र (ज) बमोजिमको सदस्यले इमान्दारीपूर्वक पदीय जिम्मेवारी पूरा नगरेमा वा निजमा कार्य क्षमताको अभाव भएमा परिषद्ले निजलाई जुनसुकै बखत सो समितिको सदस्यबाट हटाउन सक्नेछ।

तर त्यसरी निजलाई पदबाट हटाउनु अघि सफाई पेस गर्ने मौका दिनु पर्नेछ।"

२०. **<u>मूल ऐनको दफा २७ मा संशोधन</u>**: मूल ऐनको दफा २७ को,-

(१) खण्ड (क) पछि देहायको खण्ड (क१) थपिएको छ :-

"(क१) मेलमिलाप सम्बन्धी आवश्यक नीति निर्माण गरी कार्यान्वयन गर्ने गराउने,"

(२) खण्ड (च) को सट्टा देहायको खण्ड (च) राखिएको छः-

"(च) स्थानीय तह वा समुदायस्तरमा हुने मेलमिलापको लागि कानूनी तथा संस्थागत संरचना तयार गर्न आवश्यक सहयोग तथा समन्वय गर्ने,"

(३) खण्ड (च) पछि देहायका खण्ड (च१) र (च२) थपिएका छन्:-

"(च१) प्रदेश तथा स्थानीय तहबाट मेलमिलापको कार्यलाई प्रवर्धन गर्न उपलब्ध गराउनु पर्ने सहयोगको सम्बन्धमा नेपाल सरकारको सम्बन्धित मन्त्रालयमा सिफारिस गर्ने,

(च२) मेलमिलाप सम्बन्धी अनुगमन तथा मेलमिलापको प्रवर्धन र प्रभावकारिता अभिवृद्धिको लागि आवश्यकताअनुसार समिति गठन गरी अध्ययन तथा अनुसन्धान गर्ने, गराउने,"

२१. **<u>मूल ऐनको दफा २८ मा संशोधन</u>**: मूल ऐनको दफा २८ को,-

(१) उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः-

"(१क) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि परिषद्को अध्यक्ष नतोकिएको अवस्थामा परिषद्को सदस्य-सचिवले सर्वोच्च अदालतको मुख्य रजिष्ट्रारसँग परामर्श गरी परिषद्को बैठक बस्ने मिति, समय र स्थान तोक्न सक्नेछ।"

(२) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः-

"(३) परिषद्को बैठकको अध्यक्षता परिषद्को अध्यक्षले र निजको अनुपस्थितिमा सर्वोच्च अदालतको मुख्य रजिष्ट्रारले गर्नेछ।"

२२. **मूल ऐनमा दफा २८क., २८ख. र २८ग. थप**: मूल ऐनको दफा २८ पछि देहायका दफा २८क., २८ख. र २८ग. थपिएका छन्:-

"२८क. **वाणिज्य क्षेत्र मेलमिलाप प्रवर्धन समिति** : (१) वाणिज्य क्षेत्रसँग सम्बन्धित विवाद मेलमिलापबाट समाधान गर्न गराउन तथा वाणिज्य क्षेत्रमा मेलमिलाप प्रवर्धन गर्न आवश्यक कार्यक्रम सञ्चालन गर्न देहाय बमोजिमको वाणिज्य क्षेत्र मेलमिलाप प्रवर्धन समिति रहनेछ:-

(क)	परिषदका सदस्यहरू मध्येबाट अध्यक्षले तोकेको सदस्य	-संयोजक
(ख)	नेपाल बैङ्कर्स संघको अध्यक्ष	-सदस्य
(ग)	नेपाल उद्योग वाणिज्य महासंघको अध्यक्ष	-सदस्य
(घ)	नेपाल चेम्बर अफ कमर्सको अध्यक्ष	-सदस्य
(ङ)	नेपाल उद्योग परिसंघको अध्यक्ष	-सदस्य
(च)	उत्पादन, निर्माण तथा वितरणका क्षेत्रका व्यावसायिक संघ महासंघहरूको प्रतिनिधित्व हुने गरी कम्तीमा एकजना महिलासहित परिषद्बाट मनोनीत दुईजना	-सदस्य
(छ)	परिषद्को सदस्य-सचिव	-सदस्य-सचिव

(२) उपदफा (१) को खण्ड (च) बमोजिम मनोनीत सदस्यको पदावधि दुई वर्षको हुनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि मनोनीत सदस्यले इमान्दारीपूर्वक पदीय जिम्मेवारी पूरा नगरेमा वा निजमा कार्य क्षमताको अभाव भएमा परिषद्ले निजलाई जुनसुकै बखत सो समितिको सदस्यबाट हटाउन सक्नेछ।

तर त्यसरी निजलाई पदबाट हटाउनु अघि सफाई पेस गर्ने मौका दिनु पर्नेछ।

(४) उपदफा (१) बमोजिमको वाणिज्य क्षेत्र मेलमिलाप प्रवर्धन समितिको काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

२८ख. **प्रदेश मेलमिलाप समन्वय समिति**: (१) मेलमिलाप सम्बन्धमा प्रदेशस्तरमा समन्वय, अनुगमन, मूल्याङ्कन तथा सहजीकरणको लागि प्रत्येक प्रदेशमा देहाय बमोजिमको प्रदेश मेलमिलाप समन्वय समिति रहनेछ :-

(क) परिषद्को सिफारिसमा प्रधानन्यायाधीशले तोकेको सम्बन्धित उच्च अदालतको न्यायाधीश -संयोजक

(ख) सम्बन्धित प्रदेशको कानून विषय हेर्ने मन्त्रालयको सचिव -सदस्य

(ग) सम्बन्धित उच्च सरकारी वकील कार्यालयको सहन्यायाधिवक्ता -सदस्य

(घ) सम्बन्धित उच्च अदालत रहेको स्थानीय तहको न्यायिक समितिको संयोजक -सदस्य

(ङ) सम्बन्धित उच्च अदालत बार इकाईको अध्यक्ष -सदस्य

(च) प्रदेशभित्र मेलमिलापको क्षेत्रमा कार्यरत संस्थाहरूमध्येबाट प्रदेश मेलमिलाप समन्वय समितिले मनोनयन गरेको संस्थाको एकजना महिला प्रतिनिधि -सदस्य

(छ) सम्बन्धित उच्च अदालतको रजिष्ट्रार -सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको प्रदेश मेलमिलाप समन्वय समितिको बैठक सो समितिको संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) उपदफा (१) बमोजिमको मेलमिलाप समन्वय समितिका कूल सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(४) उपदफा (१) बमोजिमको मेलमिलाप समन्वय समितिको बैठकको अध्यक्षता सो समितिको संयोजकले गर्नेछ।

(५) उपदफा (१) को खण्ड (च) बमोजिम मनोनीत सदस्यको पदावधि दुई वर्षको हुनेछ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि मनोनीत सदस्यले इमान्दारीपूर्वक पदीय जिम्मेवारी पूरा नगरेमा वा निजमा कार्य क्षमताको अभाव भएमा प्रदेश मेलमिलाप समन्वय समितिले निजलाई जुनसुकै बखत सो समितिको सदस्यबाट हटाउन सक्नेछ।

तर त्यसरी निजलाई पदबाट हटाउनु अघि सफाई पेस गर्ने मौका दिनु पर्नेछ।

(७) उपदफा (१) बमोजिमको प्रदेश मेलमिलाप समन्वय समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

२८ग. <u>प्रदेश मेलमिलाप समन्वय समितिको काम, कर्तव्य र अधिकार</u> : दफा २८ख. बमोजिमको प्रदेश मेलमिलाप समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विवादको निरूपण मेलमिलापद्वारा गर्न प्रोत्साहनको लागि प्रदेशस्तरमा कार्यक्रम सञ्चालन गर्ने गराउने,

(ख) प्रदेशभित्र सञ्चालन भएका मेलमिलाप सम्बन्धी कार्यक्रम तथा कामको अनुगमन गर्ने गराउने,

(ग) न्यायिक समिति, मेलमिलाप सम्बन्धी सेवा प्रदान गर्ने संस्था तथा मेलमिलापकर्ताबिचमा समन्वय गर्ने,

(घ) प्रदेशमा भएका मेलमिलाप सम्बन्धी कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी प्रत्येक वर्ष भदौ पन्ध्र गतेभित्र परिषद्मा पठाउने,

(ङ) मेलमिलाप सम्बन्धमा परिषद्ले तोकेका अन्य काम गर्ने गराउने।"

२३. **मूल ऐनको दफा २९ मा संशोधन**: मूल ऐनको दफा २९ को सट्टा देहायको दफा २९ राखिएको छः-

"२९. **जिल्ला मेलमिलाप समन्वय समिति**: (१) मेलमिलाप सम्बन्धी कामकारबाहीको जिल्लास्तरमा समन्वय, सहयोग तथा सहजीकरण गरी मेलमिलाप सम्बन्धी काम कारबाहीमा एकरूपता ल्याउन तथा अनुगमन गर्न प्रत्येक जिल्लामा देहाय बमोजिमको जिल्ला मेलमिलाप समन्वय समिति रहनेछः-

(क)	जिल्ला न्यायाधीश	-संयोजक
(ख)	जिल्ला सदरमुकाम रहेको स्थानीय तहको न्यायिक समितिको संयोजक	-सदस्य
(ग)	जिल्ला न्यायाधिवक्ता	-सदस्य
(घ)	जिल्ला न्यायाधीशले तोकेको जिल्लास्थित मुद्दा हेर्ने निकायको प्रतिनिधि एकजना	-सदस्य
(ङ)	सचिव, जिल्ला बार एकाई	-सदस्य
(च)	सम्बन्धित जिल्लास्थित मेलमिलाप सम्बन्धी कार्य गर्ने संस्था वा सूचीकृत मेलमिलापकर्ताको प्रतिनिधित्व हुने गरी जिल्ला मेलमिलाप समन्वय समितिबाट मनोनीत एकजना महिला	-सदस्य
(छ)	श्रेस्तेदार, जिल्ला अदालत	-सदस्य-सचिव

(२) उपदफा (१) को खण्ड (च) बमोजिम मनोनीत सदस्यको पदावधि दुई वर्षको हुनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि मनोनीत सदस्यले इमान्दारीपूर्वक पदीय जिम्मेवारी पूरा नगरेमा वा निजमा कार्य क्षमताको अभाव भएमा जिल्ला मेलमिलाप समन्वय समितिले निजलाई जुनसुकै बखत सो समितिको सदस्यबाट हटाउन सक्नेछ।

तर त्यसरी निजलाई पदबाट हटाउनु अघि सफाई पेस गर्ने मौका दिनु पर्नेछ।

(४) उपदफा (१) बमोजिमको जिल्ला मेलमिलाप समन्वय समितिको अन्य काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ।"

२४. **मूल ऐनको दफा ३० मा संशोधन** : मूल ऐनको दफा ३० को उपदफा (३) मा रहेका "नेपाल सरकारको" भन्ने शब्दहरूको सट्टा "नेपाल सरकार, अर्थ मन्त्रालयको" भन्ने शब्दहरू राखिएका छन्।

२५. **मूल ऐनको दफा ३३ मा संशोधन**: मूल ऐनको दफा ३३ को,-

(१) उपदफा (३) मा रहेको "समूहमा" भन्ने शब्दपछि "मेलमिलापकर्ताको तालिम लिएका" भन्ने शब्दहरू थपिएका छन्।

(२) उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएको छ :-

"(४) उपदफा (२) बमोजिमको समूह तयार गर्दा महिला, समुदायमा उपलब्ध दलित तथा आदिवासी जनजाति समेतको प्रतिनिधित्व हुने गरी समावेशी सिद्धान्तको आधारमा तयार गर्नु पर्नेछ।"

(३) उपदफा (४) पछि देहायका उपदफा (५), (६) र (७) थपिएका छन् :-

"(५) उपदफा (२) बमोजिम तयार भएको मेलमिलापकर्ताको समूहमा रहेका मेलमिलापकर्तालाई सम्बन्धित स्थानीय तहले मेलमिलापकर्ताको परिचयपत्र उपलब्ध गराउनेछ।

(६) उपदफा (५) बमोजिम मेलमिलापकर्तालाई दिने परिचयपत्रको ढाँचा तथा तत् सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(७) उपदफा (२) र (३) मा लेखिएको कुनै कुराले मेलमिलापकर्ताको समूहमा नपरेको व्यक्तिलाई विवादको पक्षले मेलमिलापकर्ताको रूपमा राख्न चाहेमा त्यस्तो व्यक्तिलाई त्यस्तो विवादमा मेलमिलापकर्ताको रूपमा नियुक्त गर्न बाधा पर्ने छैन।"

२६. **मूल ऐनको दफा ३४ मा संशोधन** : मूल ऐनको दफा ३४ को,-

(१) उपदफा (६) को सट्टा देहायको उपदफा (६) राखिएको छः-

"(६) समुदायमा आधारित मेलमिलापद्वारा विवाद समाधान गर्दा त्यसरी विवाद समाधान गरिएको परिणाम लिखित रूपमा तयार गरी त्यसको एक प्रति स्थानीय तहको मेलमिलाप केन्द्र वा त्यस्तो केन्द्र नभएको अवस्थामा सम्बन्धित वडा समितिको कार्यालयमा अभिलेख राख्नको लागि पठाउनु पर्नेछ।"

(२) उपदफा (६) पछि देहायको उपदफा (६क) थपिएको छ :-

"(६क) उपदफा (६) बमोजिम मेलमिलापको लिखत अभिलेखको लागि प्राप्त भएमा सम्बन्धित मेलमिलाप केन्द्र वा वडा समितिको कार्यालयले अभिलेख खडा गरी त्यस्तो लिखत सुरक्षित राख्नु पर्नेछ।"

२७. **<u>मूल ऐनमा दफा ३४क. र ३४ख. थप</u>** : मूल ऐनको दफा ३४ पछि देहायका दफा ३४क. र ३४ख. थपिएका छन्:-

"**३४क. <u>सामुदायिक मेलमिलाप केन्द्रको स्थापना गर्नसक्ने</u>** : (१) सामुदायिक मेलमिलापको कार्यलाई व्यवस्थित तथा प्रभावकारी बनाउन सम्बन्धित स्थानीय तहको सहयोग तथा सहकार्यमा समुदायले स्थानीय तहमा सामुदायिक मेलमिलाप केन्द्र स्थापना गर्नसक्नेछ।

(२) न्यायिक समितिले मेलमिलाप गराउने प्रयोजनको लागि प्रचलित कानून बमोजिम वडास्तरमा मेलमिलाप केन्द्र गठन गरेको भए उपदफा (१) बमोजिमको सामुदायिक मेलमिलाप केन्द्रको काम समेत त्यस्तो मेलमिलाप केन्द्रबाट हुने गरी एकीकृत र समन्वयात्मक रूपमा मेलमिलाप केन्द्रको स्थापना तथा सञ्चालन गर्न सकिनेछ।

(३) सामुदायिक मेलमिलाप केन्द्र स्थापना तथा सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहको कानून बमोजिम हुनेछ।

३४ख. <u>सामुदायिक मेलमिलाप केन्द्रको कोष रहने</u> : (१) दफा ३४क. बमोजिम स्थापित सामुदायिक मेलमिलाप केन्द्र सञ्चालनको लागि एक सामुदायिक मेलमिलाप कोष रहन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायको रकम रहनेछः-

(क) नेपाल सरकार तथा प्रदेश सरकारबाट अनुदान स्वरूप प्राप्त रकम,

(ख) स्थानीय तहबाट प्राप्त रकम,

(ग) कुनै संघ संस्था वा व्यक्तिबाट सहयोग स्वरूप प्राप्त रकम।

(३) उपदफा (१) बमोजिमको कोषको रकमको प्रयोग सामुदायिक मेलमिलाप केन्द्रको काम बाहेक अन्य काममा प्रयोग गर्न सकिने छैन।

(४) उपदफा (१) बमोजिमको कोषको आय व्ययको लेखा सम्बन्धित सामुदायिक मेलमिलाप केन्द्रले राख्नु पर्नेछ।

(५) उपदफा (१) बमोजिमको कोषको लेखापरीक्षण प्रचलित कानून बमोजिम इजाजतपत्र प्राप्त लेखापरीक्षकद्वारा गराउनु पर्नेछ ।

(६) स्थानीय तहले जुनसुकै बखत सामुदायिक मेलमिलाप केन्द्रको कोषको आय व्ययको हिसाब जाँच तथा अनुगमन गर्नसक्नेछ।

(७) उपदफा (१) बमोजिमको कोषको सञ्चालन सम्बन्धी व्यवस्था स्थानीय तहको कानून बमोजिम हुनेछ।"

२८. **मूल ऐनको दफा ३५ मा संशोधन** : मूल ऐनको दफा ३५ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :-

"(१) समुदायमा आधारित मेलमिलापद्वारा विवादको समाधान गर्न सम्बन्धित गाउँ कार्यपालिका वा नगर कार्यपालिकाले समुदायमा आधारित मेलमिलापकर्तालाई तथा दफा ३४क. बमोजिमको सामुदायिक मेलमिलाप केन्द्रलाई आवश्यक प्राविधिक सेवा उपलब्ध गराउन सक्नेछ।"

२९. **मूल ऐनमा दफा ३६क. थप** : मूल ऐनको दफा ३६ पछि देहायको दफा ३६क. थपिएको छः-

"३६क. **श्रव्य-दृष्य संवाद (भिडियो कन्फ्रेन्स) मार्फत छलफल गराउन सकिने** : मेलमिलापकर्ताले मेलमिलाप सम्बन्धी छलफल तथा सहजीकरणको कार्य परिषद्बाट निर्धारित मापदण्ड पालना गरी श्रव्य-दृष्य संवाद (भिडियो कन्फ्रेन्स) मार्फत समेत गराउन सक्नेछ।"

३०. **मूल ऐनको दफा ४० मा संशोधन** : मूल ऐनको दफा ४० को सट्टा देहायको दफा ४० राखिएको छः-

"४०. **मेलमिलापको लिखत वा मिलापत्रको कार्यान्वयन** : (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम विवाद समाधानका लागि मेलमिलापको लिखत खडा भएमा वा मिलापत्र भएमा त्यसरी मेलमिलापको लिखत खडा भएको वा मिलापत्र भएको मितिले पैंतालीस दिनभित्र सम्बन्धित पक्षले त्यस्तो मेलमिलापको लिखत वा मिलापत्र कार्यान्वयन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र मेलमिलापको लिखत वा मिलापत्र कार्यान्वयन नगरेमा सम्बन्धित पक्षले मेलमिलापको लिखत वा मिलापत्र कार्यान्वयनको लागि सम्बन्धित निकाय समक्ष निवेदन दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम निवेदन प्राप्त भएमा त्यस्तो निकायले प्रचलित कानून बमोजिम त्यस्तो मेलमिलापको लिखत वा मिलापत्र अदालतको फैसला सरह कार्यान्वयन गरिदिनु पर्नेछ।"

३१. **मूल ऐनमा दफा ४१क. र ४१ख. थप** : मूल ऐनको दफा ४१ पछि देहायका दफा ४१क. र ४१ख. थपिएका छन् :-

"४१क. <u>विदेशमा भएको मेलमिलापको कार्यान्वयन हुने</u> : (१) विदेशमा भएको मेलमिलापको लिखतलाई मान्यता दिने तथा कार्यान्वयन गराउने सम्बन्धमा व्यवस्था भएको कुनै सन्धिको नेपाल पक्ष भएको रहेछ भने सो सन्धिको पक्ष भएको विदेशी मुलुकको इलाकामा यो दफा प्रारम्भ भएपछि भएको मेलमिलापको लिखतलाई त्यस्तो सन्धिको व्यवस्था तथा तत् सम्बन्धी शर्तको अधीनमा रही देहायको अवस्थामा मान्यता दिई नेपालमा कार्यान्वयन हुनेछ :-

(क) सम्बन्धित मुलुकको कानून तथा कार्यविधि बमोजिम मेलमिलाप भई मेलमिलापको लिखत भएको,

(ख) जुन मुलुकमा मेलमिलाप भई मेलमिलापको लिखत खडा भएको हो सो मुलुकको कानून बमोजिम अन्तिम र बन्धनकारी भइसकेको,

(ग) जुन व्यक्तिले मेलमिलापको लिखत कार्यान्वयन गराउन निवेदन दिएको हो सो व्यक्तिको मुलुकको कानूनमा वा मेलमिलाप भएको स्थानको मुलुकको कानूनमा नेपालमा भएको मेलमिलापको लिखत कार्यान्वयन हुन सक्ने कानूनी व्यवस्था भएको,

(घ) मेलमिलापको लिखत तयार भएको मितिले नब्बे दिनभित्र मेलमिलापको लिखत कार्यान्वयनका लागि निवेदन परेको ।

(२) विदेशमा भएको मेलमिलाप नेपालमा कार्यान्वयन गराउन चाहने पक्षले देहायका कागजात संलग्न गरी सम्बन्धित जिल्ला अदालतमा निवेदन दिनु पर्नेछ :-

(क) मेलमिलापबाट गरिएको मेलमिलापको लिखतको सक्कल वा त्यसको प्रमाणित प्रति,

(ख) मेलमिलापको लिखत नेपाली भाषामा रहेनछ भने सोको नेपाली भाषामा गरिएको औपचारिक अनुवादको प्रमाणित प्रति।

(३) उपदफा (२) बमोजिम परेको कुनै निवेदनमा उपदफा (१) मा उल्लिखित शर्तहरू पूरा भएको छ भन्ने कुरामा सम्बन्धित जिल्ला अदालत सन्तुष्ट भएमा त्यस्तो निर्णय कार्यान्वयन गर्न आदेश दिनेछ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा विदेशमा भएको मेलमिलाप कार्यान्वयन हुने छैनः-

(क) जुन विवादमा मेलमिलाप गरिएको हो सो विवाद नेपाल कानून बमोजिम मेलमिलापबाट समाधान हुन नसक्ने प्रकृतिको भएमा,

(ख) मेलमिलाप कार्यान्वयन गर्दा सार्वजनिक नीति विरुद्ध हुने भएमा।

४१ख. **हदम्यादमा गणना नहुने** : प्रचलित कानून बमोजिम मुद्दा हेर्ने निकायमा मुद्दा दायर हुन सक्ने हदम्याद बाँकी छँदै यस ऐन बमोजिम मेलमिलापको प्रक्रिया प्रारम्भ भई मेलमिलाप हुन नसकेको अवस्थामा त्यसरी मेलमिलापको प्रक्रियामा लागेको अधिकतम तीन महिनासम्मको समयावधिलाई प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि मुद्दा हेर्ने निकायमा मुद्दा दायर गर्ने प्रयोजनको लागि हदम्यादको अवधिमा गणना गरिने छैन।"

३२. **मूल ऐनको दफा ४६ मा संशोधन** : मूल ऐनको दफा ४६ को सट्टा देहायको दफा ४६ राखिएको छः-

"४६. **स्थानीय तहमा मेलमिलापको लागि मुद्दा पठाउन सक्ने** : (१) मुद्दा हेर्ने निकायले कुनै मुद्दामा स्थानीय तहबाट मेलमिलाप गराउन सकिने वा उपयुक्त हुने देखेमा त्यस्तो मुद्दा मेलमिलापको लागि सम्बन्धित स्थानीय तहमा पठाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम मेलमिलापको लागि प्राप्त भएको मुद्दामा स्थानीय तहको न्यायिक समितिले प्राप्त भएको मितिले तीन महिनाभित्र मुद्दाका पक्षहरूबिच मेलमिलाप गराई सोको जानकारी मुद्दा हेर्ने निकायलाई गराउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको अवधिभित्र मेलमिलाप हुन नसकेमा त्यस्तो व्यहोरा जनाई सम्बन्धित पक्षलाई जानकारी दिई सो मुद्दा सम्बन्धी मिसिल तथा कागजात मुद्दा हेर्ने निकायमा फिर्ता पठाउनु पर्नेछ र त्यसरी फिर्ता आएकोमा मुद्दा हेर्ने निकायले त्यस्तो मुद्दा कानून बमोजिम कारबाही र किनारा गर्नेछ।"

३३. **मूल ऐनमा दफा ४९ थप** : मूल ऐनको दफा ४८ पछि देहायको दफा ४९ थपिएको छः-

"४९. **निर्देशिका वा कार्यविधि बनाउन सक्ने** : यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही परिषद्ले आवश्यक निर्देशिका वा कार्यविधि बनाउन सक्नेछ।"

मेलमिलाप सम्बन्धी ऐन, २०६८ लाई संशोधन गर्न बनेको विधेयकको व्याख्यात्मक टिप्पणी

क्र.सं .	विधेयक को दफा	व्याख्यात्मक टिप्पणी
१.	२	• विधेयकको विभिन्न दफामा प्रयोग भएको "मुद्दा हेर्ने निकाय" भन्ने शब्दले अदालत र अर्धन्यायिक निकायका अतिरिक्त न्यायिक समितिलाई समेत जनाउने गरी परिभाषा गरिएको छ।
२.	३	• मुद्दा हेर्ने निकायमा दायर भएका प्रचलित कानून बमोजिम मेलमिलाप वा मिलापत्र हुन सक्ने मुद्दामा त्यस्तो मुद्दाका दुवै पक्षको तारिख जोडिएपछि न्यायाधीश वा मुद्दा हेर्ने अधिकारीले मुद्दाका पक्षहरूलाई मुद्दाको अन्तिम निरुपणको लागि लाग्ने अनुमानित समयावधि, अदालती खर्च, मुद्दाको प्रक्रिया तथा मेलमिलापका फाइदाको विषयमा परामर्श छलफल गर्नु पर्ने र त्यसरी छलफल गर्दा मुद्दाका पक्षले मेलमिलाप गर्न चाहेमा मुद्दा हर्ने निकायले मेलमिलापद्वारा विवादको निरूपण गर्न आदेश दिने व्यवस्था ऐनको ३ को उपदफा (४क) र (४ख) मा प्रस्ताव गरिएको छ।
३.	४	• सम्झौतामा मेलमिलापकर्ताको संख्या तोकिएको वा पक्षहरुले एकजना भन्दा बढी मेलमिलापकर्ता नियुक्त गर्न सहमत भएकोमा सोही बमोजिम र त्यस्तो संख्या नतोकिएको वा सहमति नभएकोमा एकजना मेलमिलापकर्ताद्वारा मेलमिलाप प्रक्रिया सञ्चालन गरिने र मुद्दाका पक्षहरूले मेलमिलापकर्ताको नियुक्त गर्दा एक भन्दा बढी मेलमिलापकर्ता नियुक्त गर्ने गरी सहमत भएमा मेलमिलापकर्ताहरूले आफूहरूमध्येबाट एकजना मेलमिलापकर्तालाई संयोजक तोक्नु पर्ने व्यवस्था प्रस्ताव गरिएको छ।
४.	५	• प्रचलित कानून बमोजिम स्थापना भएका सङ्गठित संस्थाले आफ्नो कार्यसम्पादन गर्दा अवलम्बन गर्ने प्रक्रिया निर्धारण गर्न कार्यविधि बनाउने भएकोले सो बमोजिम हुने गरी ऐनको दफा ६ मा रहेका "नियमावली वा" भन्ने शब्दहरू हटाउन प्रस्ताव गरिएको छ।
५.	६	• ऐनको दफा ३ को उपदफा (४क) र (४ख) थप गरी उक्त व्यवस्थामा प्रचलित कानून बमोजिम मिलापत्र वा मेलमिलाप हुन सक्ने मुद्दामा त्यस्तो मुद्दाका दुवै पक्षको तारिख जोडिएपछि न्यायाधीश वा मुद्दा हेर्ने अधिकारीले मुद्दाका पक्षलाई मुद्दाको अन्तिम निरूपणको लागि लाग्ने अनुमानित समयावधि अदालती खर्च, मुद्दाको प्रक्रिया तथा मेलमिलापका फाइदाको विषयमा परामर्श छलफल गराउनु पर्ने र त्यसरी छलफल गर्दा मुद्दाका पक्षले मेलमिलाप गर्न चाहेमा मुद्दा हेर्ने निकायले मेलमिलापद्वारा विवाद

		समाधन गर्नसक्ने भन्ने व्यवस्था गरेकोले उल्लिखित व्यवस्था बमोजिम मुद्दाका पक्षले मेलमिलापद्वारा विवाद समाधान गर्न चाहेमा मेलमिलापकर्ता नियुक्त गर्ने व्यवस्था गर्नको लागि ऐनको दफा ७ को उपदफा (१) मा समेत प्रासङ्गिक रूपमा मिलाउन प्रस्ताव गरिएको छ।
६.	७	• हाल न्यायाधीश मेलमिलापकर्ताको रूपमा रहने व्यवस्था नभएकोमा ऐनको दफा ८ पछि दफा ८क. थप गरी उपदफा (१) मा पाँचजना भन्दा बढी न्यायाधीश कार्यरत रहेको जिल्ला अदालतका जिल्ला न्यायाधीशहरू मध्येबाट प्रधान न्यायधीशले तोकेको न्यायाधीधले मेलमिलापकर्ताको रूपमा काम गर्नसक्ने व्यवस्था गरिएको छ। • उपदफा (२) मा प्रधान्यायाधीशले मेलमिलापकर्ताको रूपमा काम गर्ने जिल्ला न्यायाधीश तोक्दा मेलमिलाप सम्बन्धी आधारभूत तालिम लिएको व्यक्ति हुनुपर्ने व्यवस्था गरिएको छ। • उपदफा (३) मा मेलमिलापकर्ताको रूपमा काम गरेको न्यायाधीशले आफू मेलमिलापकर्ताको रूपमा काम गरेको मुद्दामा मेलमिलाप वा मिलापत्र हुन नसकेमा त्यस्तो मुद्दाको सनुवाई, कारबाही र किनारमा संलग्न हुन नसक्ने व्यवस्था गरिएको छ। • उपदफा (४) मा जिल्ला न्यायाधीशले मेलमिलापकर्ताको रूपमा काम गर्दा पक्षहरूबाट पारिश्रमिक सेवा, सुविधा तथा अन्य कुनै नगद जिन्सी लिन नपाउने व्यवस्था गरिएको छ।
७.	८	• ऐनको दफा १२ को खण्ड (घ) र (च) मा रहेका मेलमिलापकर्ताले आफ्नो काम कारबाहीको सिलसिलामा पालना गर्नुपर्ने कुरामा विवादका कुनै पक्षसँग विवाद कायम रहेको बखत आर्थिक लेनदेन भएको नहुने व्यवस्था गरेकोमा उक्त व्यवस्थालाई संशोधन गरी "आर्थिक लेनदेन" को सट्टा "दफा ४३ बमोजिम निर्धारित पारिश्रमिक बाहेक अन्य आर्थिक लेनदेन" भन्ने शब्दहरू राख्ने प्रस्ताव गरिएको छ। उल्लिखित व्यवस्थाले आर्थिक लेनदेनभित्र मेलमिलापकर्ताले ऐन बमोजिम लिन पाउने पारिश्रमिक समावेश नहुने गरी स्पष्ट पारिएको छ।
८.	९	• ऐनको दफा १४ को उपदफा (१) मा अदालतमा दायर नभएको विवादको सम्बन्धमा कुनै एक पक्षले अर्को पक्षलाई सुचना दिएमा, मुद्दा हेर्ने निकाय समक्ष विवादका पक्षले मेलमिलापको माध्यमबाट विवाद समाधान गर्ने भनी निवेदन दिएमा वा मुद्दा हेर्ने निकायले विवादको समाधान मेलमिलापको माध्यमबाट गर्न आदेश दिएमा मेलमिलापको कार्यविधि प्रारम्भ हुने व्यवस्था रहेकोमा संशोधनद्वारा थप गर्न प्रस्ताव गरिएको दफा ३ को

		उपदफा (४क) र (४ख) मा मुद्दाको तारिख जोडिएपछि मुद्दा हेर्ने अधिकारीले मेलमिलापको माध्यमबाट विवाद समाधान गर्ने सम्बन्धमा दुबै पक्षसँगहरू छलफल गराउनुपर्ने र त्यसरी छलफल गर्दा पक्षहरू मेलमिलापबाट विवाद समाधान गर्न मञ्जुर भएमा मेलमिलापको माध्यमबाट विवाद समाधान गर्नसक्ने व्यवस्था गरिएकोले सो बमोजिम हुने गरी ऐनको दफा १४ को उपदफा (१) मा संशोधन प्रस्ताव गरिएको छ।
९.	१०	• ऐनको दफा १५ को उपदफा (२) मा मेलमिलाप सम्बन्धी कार्य गर्ने कुनै संस्थाले बनाएको नियमावली वा अपनाएको कार्यविधि बमोजिम मेलमिलापद्वारा विवाद समाधान गर्ने सम्बन्धमा पक्षहरूबिच सहमति भएकोमा त्यस्तो नियमावली वा कार्यविधि बमोजिम विवादको समाधान गरिने व्यवस्था रहेकोमा मेलमिलाप सम्बन्धी कार्य गर्ने संस्थाले नियमावली बनाउने नभई कार्यविधि बनाउने भएकोले सोही बमोजिम मिलाउन प्रस्ताव गरिएको छ। • मुद्दा हेर्ने निकायको आदेश बमोजिम मेलमिलापको माध्यमबाट विवाद समाधान हुने व्यवस्था ऐनको दफा ३ को उपदफा (४ख) मा समेत प्रस्ताव गरिएकोले उक्त व्यवस्था बमोजिम विवाद समाधान गर्न अपनाउनुपर्ने कार्यविधिको सम्बन्धमा स्पष्ट गर्नको लागि ऐनको दफा १५ को उपदफा (३) मा "उपदफा (४) वा (४ख)" भन्ने व्यवस्थाहरू राख्ने गरी संशोधन प्रस्ताव गरिएको छ। • प्रचलित कानून बमोजिम स्थापना भएका सङ्गठित संस्थाले आफ्नो कार्यसम्पादन गर्दा नियमावली बनाउने नभई कार्यविधि बनाउने भएकोले सो बमोजिम हुन गरी दफा १५ को उपदफा (४) मा रहेका "कार्यविधि वा नियमावलीको" भन्ने शब्दहरूको सट्टा "कार्यविधिको" भन्ने शब्द राख्ने व्यवस्था गरिएको छ।
१०.	११	• ऐनको दफा १६ को उपदफा (१), (४), (५) र (६क) मा रहेका व्यवस्थाहरूलाई थप स्पष्ट बनाउन तथा प्रस्तावित संशोधनले प्रस्ताव गरेका व्यवस्थाहरूबिच समाञ्जस्तयता कायम गर्न तथा भाषागत रूपमा एकरूपता कामय गर्न दफा १६ मा संशोधन प्रस्ताव गरिएको छ।
११.	१२	• ऐनको दफा १७ को खण्ड (घ) मा रहेका "मेलमिलापको शर्तसँग पक्षहरू मञ्जुर भई लिखत खडा भएमा" भन्ने व्यवस्थाको सट्टा "मेलमिलापबाट विवाद समाधान गर्न पक्षहरू मञ्जुर भई मेलमिलापको लिखित खडा भएमा" भन्ने शब्दहरू राखी भाषागत रूपमा प्रष्टता कायम गरिएको छ।
१२.	१३	• मेलमिलापकर्ताले विवाद निरूपण गर्दा गरेका कामकारबाहीको सम्बन्धमा मुद्दा हर्ने निकाय समक्ष प्रतिवेदन पेस गर्ने व्यवस्थालाई परिमार्जन गरी थप

		स्पष्टता कायम गर्न आवश्यक भएकोले ऐनको दफा १८ को उपदफा (१) र (२) मा संशोधन प्रस्ताव गरिएको छ।
१३.	१४	• ऐनको दफा २१ मा मेलमिलापकर्ताको रूपमा काम गर्न चाहने व्यक्तिले पेस गरेको निवेदन बमोजिम मिलापत्र दिन मनासिब भएमा परिषद्ले प्रमाणपत्र दिने र त्यसरी प्राप्त भएको प्रमाणपत्र नवीकरण गर्ने व्यवस्था गरिएकोमा उक्त व्यवस्थामा संशोधन गरी प्रमाणपत्र लिंदा लाग्ने दस्तुर, प्रमाणपत्रको नविकरण गर्दा लाग्ने दस्तुर, प्रमाणपत्र दिने निकाय र प्रमाणपत्र रद्द हुने व्यवस्थाको सम्बन्धमा थप स्पष्ट व्यवस्था प्रस्ताव गरिएको छ।
१४.	१५	• ऐनको दफा २२ मा उपदफा (४) थप गरी स्थानीय तहमा हुने मेलमिलापको लागि स्नातक उपाधि हासिल गरेको व्यक्ति उपलब्ध नभएमा कम्तीमा माध्यमिक शिक्षा उत्तीर्ण वा सो सरहको शैक्षिक योग्यता भएका व्यक्तिले मेलमिलापकर्ताको रूपमा काम गर्नसक्ने व्यवस्था प्रस्ताव गरिएको छ।
१५.	१६	• प्रचलित कानून बमोजिम स्थापना भएका सङ्गठित संस्थाले आफ्नो कार्यसम्पादन गर्दा कार्यविधि बनाउन सक्ने गरी मिलाउन ऐनको दफा २३ को उपदफा (१) को खण्ड (ग) र उपदफा (२) मा संशोधन गरी उक्त व्यवस्थाहरूमा रहेका "वा नियामावली" भन्ने शब्दहरू झिक्न प्रस्ताव गरिएको छ।
१६.	१७	• मेलमिलाप सम्बन्धी कार्य गर्ने संस्थाले नियमवाली बनाउने नभई कार्यविधि बनाउने भएकोले सोही बमोजिम हुने गरी दफा २४ को उपदफा (३) मा संशोधन गर्न प्रस्ताव गरिएको छ।
१७.	१८	• ऐनको दफा २५ को दफा शीर्षक र विभिन्न उपदफामा प्रचलित कानून बमोजिम स्थापना भएका मेलमिलापको माध्यमबाट विवाद समाधान गर्ने सङ्गठित संस्थाले मेलमिलाप सम्बन्धी कार्यविधि मात्र बनाउन सक्ने गरी ऐनको दफा २५ मा रहेका "वा नियमावली" भन्ने शब्दहरू झिक्न प्रस्ताव गरिएको छ।
१८.	१९	• मेलमिलाप परिषद्मा सर्वोच्च अदालतको मूख्य रजिष्ट्रार समेत सदस्य रहने व्यवस्था थप गर्न गरी ऐनको दफा २६ को उपदफा (१) को खण्ड (क) पछि खण्ड (क१) थप्न प्रस्ताव गरिएको छ। • ऐनको दफा २६ को उपदफा (१) को खण्ड (च), (छ) र (ज) बमोजिम मेलमिलाप परिषदमा मनोनीत सदस्यहरूलाई परिषद्को कामप्रति जिम्मेवार र जवाफदेही बनाउनका लागि पदबाट हटाउन सकिने व्यवस्था गर्न आवश्यक भएकोले खण्ड (च), (छ) र (ज) बमोजिमको सदस्यले

		इमान्दारीपूर्वक पदीय जिम्मेवारी पूरा नगरेमा वा निजको कार्य क्षमताको अभाव भएमा परिषद्ले निजरूलाई जुनसुकै बखत सो समितिको सदस्यबाट हटाउने व्यवस्था ऐनको दफा २६ को उपदफा (२क) मा थप गर्न प्रस्ताव गरिएको छ।
१९.	२०	• ऐनको दफा २७ मा रहेका परिषद्को काम कर्तव्य र अधिकार अन्तर्गतको खण्ड (क१) मा मेलमिलाप सम्बन्धी आवश्यक नीति निर्माण गरी कार्यान्वयन गर्ने गराउने थप गरिएको छ ।उल्लिखित व्यवस्थाले विवाद समाधानको वैकिल्पिक उपायको रूपमा रहेको मेलमिलापलाई व्यवहारिक रूपमा कार्यान्वयन गर्न आवश्यक पर्ने नीतिको निर्माण गर्ने र सोको कार्यान्वयन गर्ने जिम्मेवारी मेलमिलापलाई प्रबर्धन गर्न गठन भएको मेलमिलाप पारिषद्बाट हुने देखिन्छ। • ऐनको दफा २७ को खण्ड (च) पछि खण्ड (च१) थप गरी उक्त खण्डमा स्थानीय तह वा समुदायस्तरमा हुने मेलमिलापको लागि कानूनी तथा संस्थागत संरचना तयार गर्न आवश्यक समन्वय गर्ने भन्ने व्यवस्था प्रस्ताव गरिएको छ। उल्लिखित व्यवस्थाले सामुदायिकस्तरमा हुने विवादहरूको निरूपण मेलमिलापबाट गर्नको लागि स्थापित हुने सामुदायिक मेलमिलाप केन्द्रको स्थापना र सञ्चालनको लागि आवश्यक पर्ने स्थानीय कानूनको निर्माणमा मेलमिलाप परिषद्बाट संस्थागत सहयोग पुग्ने देखिन्छ। • सङ्घीय संरचना अनुरूप मेलमिलाप सम्बन्धी कार्यलाई थप परिष्कृत एवं प्रवर्धन गर्न आवश्यकता अनुसार समिति गठन गरी अध्ययन अनुसन्धान गर्ने गरी काम, कर्तव्य र अधिकारको व्यवस्था गर्न आवश्यक भएकोले ऐनको दफा २७ मा खण्ड (च२) थप गर्न प्रस्ताव गरिएको छ।
२०.	२१	• ऐनको दफा २८ को उपदफा (१) पछि उपदफा (१क) थप गरी उक्त उपदफामा न्याय परिषद्को सिफारिसमा प्रधान न्यायाधीशले सर्वोच्च अदालतको न्यायाधीशलाई परिषद्को अध्यक्ष नतोकेको अवस्थामा परिषदको सदस्य सचिवले सर्वोच्च अदालतको मुख्य रजिष्ट्रारसँग परामर्श गरी परिषद्को बैठक बस्ने मिति, समय र स्थान तोक्न सक्ने व्यवस्था प्रस्ताव गरिएको छ। उल्लिखित व्यवस्थाले परिषद्को अध्यक्ष नतोकिएको अवस्थामा समेत परिषद्ले काम कारबाही तथा बैठक सञ्चालन सम्बन्धी कार्यलाई निरन्तरता रूपमा सञ्चालन हुने देखिन्छ। • ऐनको दफा २८ को उपदफा (३) मा रहेको परिषद्को बैठकको अध्यक्षता परिषद्को अध्यक्षले र निजको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरूले आफूहरूमाध्येबाट छानेको सदस्यले गर्ने व्यवस्था गरेकोमा

		उक्त व्यवस्थालाई संशोधन गरी अध्यक्षको अनुपस्थितिमा सर्वोच्च अदालतको मुख्य रजिष्ट्रारले बैठकको अध्यक्षता गर्ने व्यवस्था प्रस्ताव गरिएको छ।
२१.	२२	• वाणिज्य क्षेत्रसँग सम्बन्धित विवादलाई छिटो, छरितो र विश्वसनीय प्रकृयाबाट समाधान गर्न मेलमिलापको विधि अवलम्बन गरी वाणिज्य क्षेत्रमा मेलमिलाप प्रवर्धन गर्न र आवश्यक कार्यक्रम सञ्चालन गर्न अलग्गै संरचनाको रुपमा वाणिज्य क्षेत्र मेलमिलाप प्रवर्धन समिति गठन गर्न आवश्यक भएकोले परिषद्को अध्यक्षले तोकेको सदस्यको संयोजकत्वमा नेपाल बैङ्कर्स सङ्घको अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासङ्घको अध्यक्ष, नेपाल चेम्बर अफ कमर्सको अध्यक्ष, नेपाल उद्योग परिसंघको अध्यक्ष, उत्पादन, निर्माण तथा वितरणका क्षेत्रका व्यावसायिक सङ्घ महासङ्घको प्रतिनिधित्व हुने गरी कम्तीमा एकजना महिलासहित परिषद्बाट मनोनीत दुईजना सदस्य रहने गरी ऐनको दफा २८ पछि दफा २८क. थप गरी उक्त दफाको उपदफा (१) मा वाणिज्य क्षेत्रको मेलमिलाप प्रवर्धन समिति गठन गर्ने उपदफा (२) मा वाणिज्य क्षेत्र मेलमिलाप प्रवर्धन समितिमा मनोनित भएका सदस्यहरूको पदावाधि दुई वर्ष हुने र उपदफा (३) मा मनोनीत सदस्यहरूलाई पदबाट हटाउन सक्ने शर्तहरूको सम्बन्धमा स्पष्ट गर्दै मनोनीत सदस्यले इमान्दारीपूर्वक पदीय जिम्मेवारी पूरा नगरेमा वा निजमा कार्य क्षमताको अभाव भएमा परिषद्ले निजलाई जुनसुकै बखत समितिको सदस्यको पदबाट हटाउन सक्ने व्यवस्था गरी पदबाट हटाउनु पूर्व सफाई पेस गर्ने मनासिब मौका सदस्यहरूलाई दिनुपर्ने व्यवस्था गरेको छ। उपदफा (४) मा वाणिज्य क्षेत्र मेलमिलाप प्रवर्दन समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुने व्यवस्था गरिएको छ।
		• ऐनको दफा दफा २८क. पछि दफा २८ख. थप गरी मेलमिलाप सम्बन्धमा प्रदेशस्तरमा समन्वय, अनुगमन, मूल्याङ्कन तथा सहजीकरण गर्नको लागि प्रधानन्यायाधीशले तोकेको सम्बन्धित उच्च अदालतको न्यायाधीशको संयोजकत्वमा प्रदेशको कानून विषय हेर्ने मन्त्रालयको सचिव, सम्बन्धित उच्च सरकारी वकील कार्यालयको सहन्यायाधिवक्ता, सम्बन्धित उच्च अदालत रहेको स्थानीय तहको न्यायिक समितिको संयोजक, सम्बन्धित उच्च अदालत बार इकाईको अध्यक्ष, प्रदेशभित्र मेलमिलापको क्षेत्रमा कार्यरत संस्थाहरूमध्येबाट प्रदेश मेलमिलाप समन्वय समितिले मनोनयन गरेको संस्थाको एकजना महिला प्रतिनिधि सदस्य र सम्बन्धित उच्च अदालतको रजिष्ट्रार सदस्य सचिव रहने गरी प्रदेश

		मेलमिलाप समन्वय समिति गठन गर्न प्रस्ताव गरिएको छ। उल्लिखत व्यवस्थाले सङ्घीयताको मर्म बमोजिम मेलमिलाप सम्बन्धी संरचनागत व्यवस्थालाई प्रदेशस्तरमा विस्तार हुने देखिन्छ।
		• मेलमिलाप सम्बन्धमा प्रदेशमा रहने प्रदेश मेलमिलाप समन्वय समितिको काम, कर्तव्य र अधिकारको सम्बन्धमा व्यवस्था गरिएको छ। उक्त समितिले विवादको निरुपण मेलमिलापद्वारा गर्न प्रोत्साहनको लागि प्रदेशस्तरमा कार्यक्रम सञ्चालन गर्ने गराउने, प्रदेशभित्र सञ्चालन भएका मेलमिलाप सम्बन्धी कार्यक्रम तथा कामको अनुगमन गर्ने गराउने, न्यायिक समिति, मेलमिलाप सम्बन्धी सेवा प्रदान गर्ने संस्था तथा मेलमिलापकर्ताबिचमा समन्वय गर्ने, प्रदेशमा भएका मेलमिलाप सम्बन्धी कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी प्रत्येक वर्ष भदौ पन्ध्र गतेभित्र परिषद्मा पठाउने र मेलमिलाप सम्बन्धमा परिषद्ले तोकेका अन्य काम गर्ने गराउने काम, कर्तव्य र अधिकार प्रदेश मेलमिलाप समन्वय समितिको रहने व्यवस्था गरिएको छ।
२२.	२३	• ऐनको दफा २९ मा रहेको व्यवस्थालाई संशोधन गरी मेलमिलाप सम्बन्धी कामकारबाहीको जिल्लास्तरमा समन्वय, सहयोग तथा सहजीकरण गरी मेलमिलाप सम्बन्धी काम कारबाहीमा एकरुपता ल्याउन तथा अनुगमन गर्न प्रत्येक जिल्लामा जिल्ला न्यायाधीशको संयोजकत्वमा जिल्ला सदरमुकाम रहेको स्थानीय तहको न्यायिक समितिको संयोजक, जिल्ला न्यायाधिवक्ता, जिल्ला न्यायाधीशले तोकेको जिल्लास्थित मुद्दा हेर्ने निकायको प्रतिनिधि एकजना, जिल्ला बार एकाईको सचिव, सम्बन्धित जिल्लास्थित मेलमिलाप सम्बन्धी कार्य गर्ने संस्था वा सूचीकृत मेलमिलापकर्ताको प्रतिनिधित्व हुने गरी जिल्ला मेलमिलाप समन्वय समितिबाट मनोनीत एकजना महिला सदस्य तथा जिल्ला अदालतको श्रेस्तेदार सदस्य सचिव रहने गरी जिल्ला मेलमिलाप समन्वय समिति गठन गर्ने व्यवस्था प्रस्ताव गरिएको छ। उल्लिखित व्यवस्थाले जिल्लास्तरमा मेलमिलापसम्बन्धी कार्यहरूको प्रभावकारी समन्वय, सहजीकरण, अनुगमन र एकरुपता कायम गर्न न्यायिक नेतृत्वस्थानीय , तहको प्रतिनिधित्व, अभियोजन पक्ष, कानुन व्यवसायी, सरोकारवाला क्षेत्रको समावेशी प्रतिनिधित्व र प्रशासनिक संयन्त्र सहितको सन्तुलित र प्रभावकारी समन्वय समितिको वैधानिक स्वरूप प्रदान गर्ने व्यवस्था गरिएको छ।

२३.	२४	• ऐनको दफा ३० को उपदफा (२) मा मेलमिलाप सम्बन्धी काम कारबाहीलाई प्रभावकारी रूपले सञ्चालन गर्नको लागि गठन गरेको मेलमिलाप कोषमा विदेशी सरकार, व्यक्ति, सङ्घ संस्थाबाट कुनै रकम प्राप्त गर्नु अघि परिषद्ले नेपाल सरकारको स्वीकृत लिनु पर्ने व्यवस्था रहेकोमा उल्लिखित व्यवस्थालाई संशोधन गरी नेपाल सरकार, अर्थ मन्त्रालयबाट स्वीकृत लिने गरी व्यवस्था गर्ने गरी संशोधन प्रस्ताव गरिएको छ।
२४.	२५	• ऐनको दफा ३३ को उपदफा (४) मा संशोधन गरी उल्लिखित व्यवस्थामा मेलमिलापकर्ता तयार गर्दा महिला, समुदायमा उपलब्ध दलित तथा आदिवासी जनजाति समेतको प्रतिनिधित्व हुने गरी समावेशी सिद्धान्तको आधारमा तयार गर्नु पर्ने व्यवस्था प्रस्ताव गरिएको छ। उल्लिखित व्यवस्था समानुपातिक समावेशीकरण तथा सामाजिक न्यायको सिद्धान्तमा आधारित रहेको देखिन्छ। यसले मेलमिलापसम्बन्धी समूह वा संरचना निर्माण गर्दा महिला, दलित तथा आदिवासी जनजातिलगायत सीमान्तकृत समुदायको अर्थपूर्ण प्रतिनिधित्व सुनिश्चित गरी नीति निर्माण तथा विवाद समाधान प्रक्रियामा सबै वर्गको पहुँच र स्वामित्व स्थापित गर्ने कानुनी सहयोग पुऱ्याउने देखिन्छ। • ऐनको दफा ३३ को उपदफा (५) मा मेलमिलापकर्ताको समूहमा रहेका मेलमिलापकर्तालाई सम्बन्धित स्थानीय तहले मेलमिलापकर्ताको परिचयपत्र उपलब्ध गराउने व्यवस्था गरेको छ। उल्लिखित व्यवस्थाले मेलमिलापकर्ताको समूहलाई सम्बन्धित स्थानीय तहबाट परिचयपत्र प्रदान गर्ने कानुनी व्यवस्थाको सुनिश्चित हुने देखिन्छ। • मेलमिलाप प्रक्रिया मूलतः विवादका पक्षहरूको आपसी सहमतिमा हुने हुँदा समूहमा नपरेको व्यक्तिलाई पनि आपसी सहमतिका आधारमा मेलमिलापकर्ताको रूपमा नियुक्त गर्न पाउने गरी मेलमिलापकर्ताको समूहमा नपरेको व्यक्तिलाई विवादको पक्षले मेलमिलापकर्ताको रुपमा राख्न चाहेमा त्यस्तो व्यक्तिलाई त्यस्तो विवादमा मेलमिलापकर्ताको रुपमा नियुक्त गर्न बाधा नपर्ने गरी ऐनको दफा ३३ को उपदफा (६) मा प्रस्ताव गरिएको छ।
२५.	२६	• ऐनको दफा ३४ को उपदफा (६) मा संशोधन गरी समुदायमा आधारित मेलमिलापद्वारा विवाद समाधान गर्दा त्यसरी विवाद समाधान गरिएको परिणाम लिखित रुपमा तयार गरी त्यसको एक प्रति स्थानीय तहको मेलमिलाप केन्द्र वा त्यस्तो केन्द्र नभएको अवस्थामा सम्बन्धित वडा समितिको कार्यालयमा अभिलेख राख्नको लागि पठाउनु पर्ने व्यवस्था

		गरिएको छ। यस व्यवस्थाले समुदायमा आधारित मेलमिलापद्वारा समाधान भएको विवादको परिणामको लिखतको अभिलेख के- कसरी राख्ने भन्ने सम्बन्धमा स्पष्ट व्यवस्था गरेको देखिन्छ। • ऐनको दफा ३४ मा उपदफा (६क) थप गरी उक्त उपदफामा मेलमिलापको लिखत अभिलेखको लागि प्राप्त भएमा सम्बन्धित मेलमिलाप केन्द्र वा वडा समितिको कार्यालयले अभिलेख खडा गरी त्यस्तो लिखत सुरक्षित राख्नु पर्ने व्यवस्था प्रस्ताव गरेको छ। यस व्यवस्थाले समुदायमा आधारित मेलमिलापद्वारा समाधान भएको विवादको परिणामको लिखतको सुरक्षा हुने देखिन्छ।
२६.	२७	• ऐनको दफा ३४ पछि दफा ३४क. थप गरी सामुदायिक मेलमिलापको कार्यलाई व्यवस्थित तथा प्रभावकारी बनाउन सम्बन्धित स्थानीय तहको सहयोग तथा सहकार्यमा समुदायले स्थानीय तहमा सामुदायिक मेलमिलाप केन्द्र स्थापना गर्न व्यवस्था प्रस्ताव गरिएको छ। उल्लिखित व्यवस्थाले सामुदायिक मेलमिलापको कार्यलाई थप व्यवस्थित, प्रभावकारी र जनस्तरसम्म पुऱ्याउन स्थानीय तहको प्रत्यक्ष सहयोग र सहकार्यमा समुदाय आफैंले स्थानीय स्तरमा मेलमिलाप केन्द्र स्थापना गर्नसक्ने वैधानिक आधार प्रदान गरी विकेन्द्रीकृत न्याय प्रणालीलाई सुदृढ गर्ने उद्देश्य राखेको छ। • दफा ३४क उपदफा (२) मा न्यायिक समितिले मेलमिलाप गराउने प्रयोजनको लागि प्रचलित कानून बमोजिम वडास्तरमा मेलमिलाप केन्द्र गठन गरेको भए सामुदायिक मेलमिलाप केन्द्रको काम समेत त्यस्तो मेलमिलाप केन्द्रबाट हुने गरी एकीकृत र समन्वयात्मक रुपमा मेलमिलाप केन्द्रको स्थापना तथा सञ्चालन गर्न सकिने व्यवस्था गरिएको छ। • दफा ३४क. को उपदफा (३) मा सामुदायिक मेलमिलाप केन्द्र स्थापना तथा सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहको कानून बमोजिम हुने व्यवस्था गरेको छ।
		• ऐनको दफा ३४क. पछि दफा ३४ख. थप गरी स्थानीय मेलमिलाप केन्द्रको कोष रहने व्यवस्था गरेको छ। उल्लिखित व्यवस्थाले सम्बन्धित स्थानीय तहको सहयोग तथा सहकार्यमा सामुदायिक मेलमिलापको कार्यलाई व्यवस्थित तथा प्रभावकारी बनाउँदै स्थानीय स्तरबाट विवादको समाधान गर्न प्रोत्साहित गर्न, समुदायमा आधारित मेलमिलापकर्ताको क्षमता अभिवृद्धि गर्न, सेवा सुविधा लगायतका व्यवस्था गर्न स्थानीय तहमा आवश्यक पूर्वाधार तथा संरचना र कोषको विकास र व्यवस्थापन गर्न

		सहज हुने देखिन्छ।
२७.	२८	• ऐनको दफा ३५ को उपदफा (१) मा संशोधन गरी समुदायमा आधारित मेलमिलापद्वारा विवादको समाधान गर्न सम्बन्धित गाउँ कार्यपालिका वा नगर कार्यपालिकाले समुदायमा आधारित मेलमिलापकर्तालाई तथा दफा ३४क. बमोजिमको सामुदायिक मेलमिलाप केन्द्रलाई आवश्यक प्राविधिक सेवा उपलब्ध गराउनसक्ने व्यवस्था प्रस्ताव गरिएको छ। उक्त व्यवस्थाले समुदायमा आधारित मेलमिलापकर्तालाई सक्षम बनाउन र सामुदायिक मेलमिलाप केन्द्रलाई व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्न सहज हुने देखिन्छ।
२८.	२९	• ऐनको दफा ३६ पछि दफा ३६क. थप गरी मेलमिलापकर्ताले मेलमिलाप सम्बन्धी छलफल तथा सहजीकरणको कार्य परिषद्बाट निर्धारित मापदण्ड पालना गरी श्रव्य-दृष्य संवाद (भिडियो कन्फ्रेन्स) मार्फत समेत गराउन सक्ने व्यवस्था गरिएको छ। उक्त व्यवस्थाले डिजिटल प्रविधिको उपयोग गरी सेवा प्रवाहलाई छिटो, छरितो र मितव्ययी बनाउन मद्दत पुग्ने देखिन्छ।
२९.	३०	• ऐनको दफा ४० मा संशोधन गरी विवाद समाधानका लागि मेलमिलापको लिखत खडा भएमा वा मिलापत्र भएमा त्यसरी मेलमिलापको लिखत खडा भएको वा मिलापत्र भएको मितिले पैंतालीस दिनभित्र सम्बन्धित पक्षले त्यस्तो मेलमिलापको लिखत वा मिलापत्र कार्यान्वयन गर्नु पर्ने व्यवस्था गरेको छ। उल्लिखित व्यवस्थाले मेलमिलापको लिखत वा मिलापत्र भएको मितिले पैंतालीस दिनभित्र सम्बन्धित पक्षले अनिवार्य रूपमा त्यसको कार्यान्वयन गर्नुपर्ने कानुनी बाध्यता सिर्जना गरी वैकल्पिक विवाद समाधानको मर्मअनुरूप विवादलाई छिटो र प्रभावकारी रूपमा निष्कर्षमा पुऱ्याउने उद्देश्य राखेको छ। • ऐनको दफा ४० को उपदफा (२) मा मेलमिलापको लिखत वा मिलापत्र कार्यान्वयन ३५ दिनभित्र कार्यान्वयन नगरेमा सम्बन्धित पक्षले मेलमिलापको लिखत वा मिलापत्र कार्यान्वयनको लागि सम्बन्धित निकाय समक्ष निवेदन दिन सक्ने व्यवस्था गरिएको छ। • ऐनको दफा ४० को उपदफा (३) मा मेलमिलापको लिखत वा मिलापत्र कार्यान्वयनको निवेदन प्राप्त भएमा त्यस्तो निकायले प्रचलित कानून बमोजिम त्यस्तो मेलमिलापको लिखत वा मिलापत्र अदालतको फैसला सरह कार्यान्वयन गरिदिनु पर्ने व्यवस्था गरिएको छ। उल्लिखित व्यवस्थाले मेलमिलापको लिखत वा मिलापत्र कार्यान्वयनका लागि निवेदन

		प्राप्त भएपछि सम्बन्धित निकायले प्रचलित कानुनबमोजिम त्यसलाई अदालतको अन्तिम फैसला सरह अनिवार्य रूपमा कार्यान्वयन गर्नुपर्ने व्यस्था गरिएको छ।
३०.	३१	• ऐनको दफा ४१ पछि दफा ४१क. थप गरी उक्त दफाको उपदफा (१) मा सम्बन्धित मुलुकको कानून तथा कार्यविधि बमोजिम मेलमिलाप भई मेलमिलापको लिखत भएको, जुन मुलुकमा मेलमिलाप भई मेलमिलापको लिखत खडा भएको हो सो मुलुकको कानून बमोजिम अन्तिम र बन्धनकारी भइसकेको, जुन व्यक्तिले मेलमिलापको लिखत कार्यान्वयन गराउन निवेदन दिएको हो सो व्यक्तिको मुलुकको कानूनमा वा मेलमिलाप भएको स्थानको मुलुकको कानूनमा नेपालमा भएको मेलमिलापको लिखत कार्यान्वयन हुन सक्ने कानूनी व्यवस्था भएको, मेलमिलापको लिखत तयार भएको मितिले नब्बे दिनभित्र मेलमिलापको लिखत कार्यान्वयनका लागि निवेदन परेको अवस्थामा विदेशमा भएको मेलमिलापको लिखतलाई मान्यता दिने तथा कार्यान्वयन गराउने सम्बन्धमा व्यवस्था भएको कुनै सन्धिको नेपाल पक्ष भएको रहेछ भने सो सन्धिको पक्ष भएको विदेशी मुलुकको इलाकामा यो दफा प्रारम्भ भएपछि भएको मेलमिलापको लिखतलाई त्यस्तो सन्धिको व्यवस्था तथा तत् सम्बन्धी शर्तहरूको अधीनमा रही नेपालमा मान्यता प्रदान गर्ने व्यवस्था गरिएको छ। • दफा ४१क. को उपदफा (२) ले विदेशमा भएको मेलमिलाप नेपालमा कार्यान्वयन गराउन चाहने पक्षले मेलमिलापबाट गरिएको मेलमिलापको लिखतको सक्कल वा त्यसको प्रमाणित प्रति र मेलमिलापको लिखत नेपाली भाषामा रहेनछ भने सोको नेपाली भाषामा गरिएको औपचारिक अनुवादको प्रमाणित प्रति संलग्न गरी जिल्ला अदालतमा निवेदन दिनु पर्ने व्यवस्था गरिएको छ। • दफा ४१क. को उपदफा (३) मा विदेशमा भएको मेलमिलाप नेपालमा कार्यान्वयन गराउन परेको निवेदनमा शर्तहरू पूरा भएको छ भन्ने कुरामा सम्बन्धित जिल्ला अदालत सन्तुष्ट भएमा त्यस्तो निर्णय कार्यान्वयन गर्न आदेश दिने सक्ने व्यवस्था गरेको छ। उल्लिखित व्यवस्थाले विदेशमा भएको मेलमिलापको लिखतलाई नेपालमा कार्यान्वयन गराउन पेस गरिएको निवेदनमा कानुनले निर्धारण गरेका सम्पूर्ण शर्तहरू पूरा भएको भनि सम्बन्धित जिल्ला अदालत विश्वस्त भएमा उक्त निर्णय वा लिखतलाई नेपालमा कार्यान्वयन गर्नका लागि आदेश गर्ने विषय स्पष्ट पारेको छ।

		• दफा दफा ४१क. को उपदफा (४) मा जुन विवादमा मेलमिलाप गरिएको हो सो विवाद नेपाल कानून बमोजिम मेलमिलापबाट समाधान हुन नसक्ने प्रकृतिको भएमा, मेलमिलाप कार्यान्वयन गर्दा सार्वजनिक नीति विरुद्ध हुने भएमा विदेशमा भएको मेलमिलाप कार्यान्वयन हुन नसक्ने व्यवस्था गरिएको छ।
		• ऐनको दफा ४१क. पछि दफा ४१ख. थप गरी प्रचलित कानून बमोजिम मुद्दा हेर्ने निकायमा मुद्दा दायर हुन सक्ने हदम्याद बाँकी छँदै यस ऐन बमोजिम मेलमिलापको प्रक्रिया प्रारम्भ भई मेलमिलाप हुन नसकेको अवस्थामा त्यसरी मेलमिलापको प्रक्रियामा लागेको अधिकतम तीन महिनासम्मको समयावधिलाई प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि मुद्दा हेर्ने निकायमा मुद्दा दायर गर्ने प्रयोजनको लागि हदम्यादको अवधिमा गणना नगरिने व्यवस्था गरिएको छ। यसले मेलमिलापको प्रक्रियामा समावेश भएको कारणले मात्रको पक्षको हकबाट वञ्चित नगर्ने सुनिश्चित गरेको छ।
३१.	३२	• ऐनको दफा ४६ मा संशोधन गरी मुद्दा हेर्ने निकायले कुनै मुद्दामा स्थानीय तहबाट मेलमिलाप गराउन सकिने वा उपयुक्त हुने देखेमा त्यस्तो मुद्दा मेलमिलापको लागि सम्बन्धित स्थानीय तहमा पठाउन सक्ने, मेलमिलापको लागि प्राप्त भएको मुद्दामा स्थानीय तहको न्यायिक समितिले प्राप्त भएको मितिले तीन महिनाभित्र मुद्दाका पक्षहरूबिच मेलमिलाप गराई सोको जानकारी मुद्दा हेर्ने निकायलाई गराउनु पर्ने र उक्त अवधिभित्र मेलमिलाप हुन नसकेमा त्यस्तो व्यहोरा जनाई सम्बन्धित पक्षलाई जानकारी दिई सो मुद्दा सम्बन्धी मिसिल तथा कागजात मुद्दा हेर्ने निकायमा फिर्ता पठाउनु पर्ने र त्यसरी फिर्ता आएकोमा मुद्दा हेर्ने निकायले त्यस्तो मुद्दा कानून बमोजिम कारबाही र किनारा गर्ने व्यवस्था प्रस्ताव गरिएको छ।
३२.	३३	• ऐनमा दफा ४९ थप गरी यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही परिषद्ले आवश्यक निर्देशिका वा कार्यविधि बनाउन सक्ने व्यवस्था गरिएको छ। उल्लिखित व्यवस्थाले निर्देशिका वा कार्यविधि बनाउने अधिकार ऐनबाट नै प्रत्यायोजित हुनगई परिषद्ले बनाउने प्रत्यायोजित विधायनको विधायिकी नियन्त्रण सुनिश्चित हुने देखिन्छ।

मेलमिलाप सम्बन्धी ऐन, २०६८ लाई संशोधन गर्न बनेको विधेयकको तीन महले

क्र. सं.	दफा	साविक व्यवस्था	प्रस्तावित संशोधन	संशोधन गर्नुपर्नाको कारण
१.	२	२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,– (छ) "मुद्दा हेर्ने निकाय" भन्नाले अदालत सम्झनु पर्छ र सो शब्दले अर्धन्यायिक निकाय समेतलाई जनाउँछ।	**मेलमिलाप सम्बन्धी ऐन, २०६८ को दफा २ मा संशोधनः** मेलमिलाप सम्बन्धी ऐन, २०६८ (यस पछि "मूल ऐन" भनिएको) को दफा २ को खण्ड (छ) को सट्टा देहायको खण्ड (छ) राखिएको छः- "(छ) "मुद्दा हेर्ने निकाय" भन्नाले अदालत सम्झनु पर्छ र सो शब्दले अर्धन्यायिक निकाय वा न्यायिक समितिलाई समेत जनाउँछ।"	नेपालको संविधानको धारा २१७ को उपधारा (१) ले विवादको निवारण गर्ने अधिकार न्यायिक समितिलाई समेत दिएको र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ ले समेत मेलमिलापको माध्यमबाट विवादको निरूपण गर्न अधिकार स्थानीय तहलाई प्रदान गरेको सन्दर्भमा सो बमोजिम हुने गरी मुद्दा हेर्ने निकायको परिभाषा गर्न आवश्यक भएकोले।
२.	३	३. <u>मेलमिलापद्वारा विवादको निरुपण हुन सक्नेः</u> (१) कुनै सम्झौतामा मेलमिलापद्वारा विवादको समाधान गरिने व्यवस्था भएकोमा त्यस्तो सम्झौता वा सो अन्तर्गत उत्पन्न हुने विवाद सोही सम्झौतामा उल्लेख भएको कार्यविधि पूरा गरी निरुपण गराउनु पर्नेछ। (२) उपदफा (१) मा जुनसुकै	**<u>मूल ऐनको दफा ३ मा संशोधन</u>** : मूल ऐनको दफा ३ को,- (४) उपदफा (२) मा रहेका "प्रचलित कानून बमोजिम मिलापत्र हुन सक्ने" भन्ने शब्दहरूको सट्टा "प्रचलित कानून बमोजिम मेलमिलाप वा मिलापत्र हुन सक्ने" भन्ने शब्दहरू राखिएका छन्।	मुद्दा हेर्ने निकाय समक्ष दायर भएका प्रचलित कानून बमोजिम मेलमिलाप वा मिलापत्र हुने प्रकृतिका देखिएका मुद्दामा

		कुरा लेखिएको भए तापनि मुद्दा हेर्ने निकाय समक्ष दायर भएको वा नभएको प्रचलित कानून बमोजिम मिलापत्र हुन सक्ने विवादलाई पक्षहरुले मेलमिलापद्वारा समाधान गर्न चाहेमा यस ऐन बमोजिमको कार्यविधि अपनाई समाधान गर्न सकिनेछ। (३) पक्षहरुले मुद्दा हेर्ने निकायमा दायर भएको मुद्दालाई उपदफा (२) बमोजिम मेलमिलापद्वारा समाधान गर्न चाहेमा सोही व्यहोरा उल्लेख गरी जुनसुकै बखत सम्बन्धित मुद्दा हेर्ने निकाय समक्ष निवेदन दिन सक्नेछन् र त्यस्तो निवेदन प्राप्त हुन आएमा मुद्दा हेर्ने निकायले त्यस्तो मुद्दा जुनसुकै तहमा रहेको भए पनि मेलमिलापबाट निरुपण गर्न आदेश दिनेछ। (४) मुद्दा हेर्ने निकाय समक्ष दायर भएको कुनै मुद्दा मेलमिलापको कार्यविधिबाट निरुपण हुन उपयुक्त छ भन्ने मुद्दा हेर्ने निकायलाई लागेमा मुद्दा हेर्ने निकायले मेलमिलापद्वारा विवादको	(५) उपदफा (४) पछि देहायका उपदफा (४क) र (४ख) थपिएका छन्:- "(४क) मुद्दा हेर्ने निकायमा दायर भएका प्रचलित कानून बमोजिम मेलमिलाप वा मिलापत्र हुन सक्ने मुद्दामा त्यस्तो मुद्दाका दुवै पक्षको तारिख जोडिएपछि न्यायाधीश वा मुद्दा हेर्ने अधिकारीले मुद्दाका पक्षसँगलाई मुद्दाको अन्तिम निरूपणको लागि लाग्ने अनुमानित समयावधि, अदालती खर्च, मुद्दाको प्रक्रिया तथा मेलमिलापको फाइदाको विषयमा परामर्श छलफल गर्नु पर्नेछ। रू (४ख) उपदफा (४क) बमोजिम छलफल गर्दा मुद्दाका पक्षले मेलमिलाप गर्न चाहेमा मुद्दा हेर्ने निकायले मेलमिलापद्वारा विवादको निरुपण गर्ने आदेश दिनेछ ।" (६) उपदफा (५) मा रहेका "उपदफा (३) र (४)" भन्ने शब्दहरूको सट्टा "उपदफा (३), (४) र (४ख)" भन्ने शब्दहरू राखिएका छन्।	मेलमिलाप वा मिलापत्र गर्न न्यायधीश वा मुद्दा हेर्ने अधिकारबाट पक्षहरूलाई प्रेरित गर्न र पक्षहरू मेलमिलाप वा मिलापत्रको माध्यमबाट विवादको निरूपण गर्न चाहेमा सोही बमोजिम विवादको निरूपण गर्ने व्यवस्था गर्न आवश्यक भएकोले।

		निरुपण गर्ने आदेश दिन सक्नेछ। (५) उपदफा (३) र (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि मेलमिलापको कार्यविधिबाट विवादको निरुपण हुने विषयको अतिरिक्त त्यस्तो कार्यविधिबाट निरुपण हुन नसक्ने विषय पनि सोही विवादमा निरुपण गर्नुपर्ने रहेछ भने त्यस्तो विषयमा मेलमिलापबाट विवादको निरुपण गर्न मुद्दा हेर्ने निकायले आदेश दिने छैन।		
३.	४	५. **<u>मेलमिलापकर्ताको संख्याः</u>** (१) सम्झौतामा मेलमिलापकर्ताको संख्या तोकिएकोमा सोही बमोजिम र नतोकिएकोमा पक्षहरुको सहमतिबाट एकजना वा तीनजना मेलमिलापकर्ताको संख्या निर्धारण गरी नियुक्त गरिनेछ । (२) एकजना मेलमिलापकर्ता नियुक्त गर्न पक्षहरु सहमत भएकोमा दुबै पक्षको सहमतिबाट र तीनजना मेलमिलापकर्ता नियुक्त गर्नु परेमा प्रत्येक पक्षले एकजना र पक्षहरु आफैले वा	**<u>मूल ऐनको दफा ५ मा संशोधन</u>** : मूल ऐनको दफा ५ को सट्टा देहायको दफा ५ राखिएको छः- "५. **<u>मेलमिलापकर्ताको सङ्ख्या</u>** : (१) सम्झौतामा मेलमिलापकर्ताको सङ्ख्या तोकिएको वा पक्षहरूले एक जना भन्दा बढी मेलमिलापकर्ता नियुक्त गर्न सहमत भएकोमा सोही बमोजिम र त्यस्तो सङ्ख्या नतोकिएको वा सहमति नभएकोमा एकजना मेलमिलापकर्ताद्वारा मेलमिलाप प्रक्रिया सञ्चालन गरिनेछ। (२) उपदफा (१) बमोजिम एकजना भन्दा बढी मेलमिलापकर्ता नियुक्त भएकोमा	मेलमिलापको लागि नियुक्त हुने मेलमिलापकर्ताको संख्या सम्बन्धी व्यवस्था सरलीकृत गरी मेलमिलाप प्रक्रियालाई सहज बनाउन आवश्यक भएकोले।

		त्यसरी नियुक्ति भएका दुईजना मेलमिलापकर्ताले तेस्रो मेलमिलापकर्ता नियुक्त गर्नेछन् । (३) तीनजना मेलमिलापकर्ता नियुक्त भएकोमा तेस्रो मेलमिलापकर्ताले संयोजक भई काम गर्नेछ ।	मेलमिलापकर्ताहरूले आफूमध्येबाट एक जनालाई संयोजक तोक्नु पर्नेछ।"	
४.	५	६. <u>मेलमिलापकर्ता नियुक्त गर्न सहायता लिन सकिने</u>ः (१) मेलमिलापकर्ता नियुक्त गर्नको लागि मेलमिलाप सम्बन्धी काम गर्ने कुनै संस्थाले छुट्टै नियमावली वा कार्यविधिको व्यवस्था गरेकोमा पक्षहरुले त्यस्तो नियमावली वा कार्यविधि बमोजिम मेलमिलापकर्ता नियुक्त गर्न सक्नेछन् । (२) उपदफा (१) बमोजिम मेलमिलापकर्ता नियुक्त गर्न पक्षहरुले आफैले वा अदालतको आदेश बमोजिम मेलमिलापकर्ता हुने व्यक्तिको नाम नियुक्तिका लागि सिफारिस गरी पठाउन त्यस्तो संस्थालाई अनुरोध गर्न सक्नेछन्	<u>**मूल ऐनको दफा ६ मा संशोधन**</u> : मूल ऐनको दफा ६ को उपदफा (१) को ठाउँ ठाउँमा रहेका "नियमावली वा" भन्ने शब्दहरू झिकिएका छन्।	प्रचलित कानून बमोजिम स्थापना भएको सङ्गठित संस्थाले नियमावली बनाउने व्यवस्थालाई हटाउन आवश्यक भएकोले।

		।		
५.	६	७. <u>मुद्दा हेर्ने निकायबाट मेलमिलापकर्ता नियुक्ति हुने</u>ः (१) दफा ५ वा ६ मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ३ को उपदफा (४) बमोजिम मुद्दा हेर्ने निकायबाट मेलमिलापको कार्यविधि पूरा गरी विवादको समाधान गर्न आदेश भएकोमा वा दफा ५ बमोजिम मेलमिलापकर्ता नियुक्त गर्न पक्षहरु असमर्थ भएकोमा मेलमिलापकर्ताको नाम पेश गर्न मुद्दा हेर्ने निकायले निश्चित समयावधि तोकी सम्बन्धित पक्षलाई	<u>**मूल ऐनको दफा ७ मा संशोधन**</u> : मूल ऐनको दफा ७ को उपदफा (१) मा रहेका उपदफा (४)" भन्ने शब्दहरूको सट्टा "उपदफा (३), (४) वा (४ख) " भन्ने शब्दहरू राखिएका छन्।	मूल ऐनको दफा ३ मा उपदफा (४ख) थप गरिएकोले सोलाई सेमत समावेश गर्न आवश्यक भएकोले।

		आदेश दिनेछ । (२) उपदफा (१) बमोजिम आदेश भएकोमा सोही आदेशमा तोकिएको अवधिभित्र सम्बन्धित पक्षहरुले आपसी सहमतिबाट मेलमिलापकर्ताको नाम मुद्दा हेर्ने निकाय समक्ष पेश गर्नु पर्नेछ र पक्षहरुबीच सहमति भई नाम पेश गरेको व्यक्तिलाई मुद्दा हेर्ने निकायले मेलमिलापकर्ता नियुक्त गर्नेछ । (३) उपदफा (२) बमोजिम पक्षहरुले नाम पेश गर्न असमर्थ भएमा मेलमिलापकर्ता हुन योग्य व्यक्तिहरुमध्येबाट पक्षहरुको सहमति लिई मुद्दा हेर्ने निकायले उपयुक्त ठहऱ्याएको व्यक्तिलाई मेलमिलापकर्ता नियुक्त गर्नेछ ।		
६.	७	नयाँ व्यवस्था थप	मूल ऐनको दफा ८ पछि देहायको दफा ८क. थपिएको छः- "**८क. <u>मेलमिलापकर्ताको रुपमा काम गर्न सक्नेः</u>** (१) पाँचजना वा सोभन्दा बढी न्यायाधीश	न्यायाधीशहरुलाई मेलमिलापको कार्यमा समेत संलग्न गराई मेलमिलापमा संलग्न

			कार्यरत रहेको जिल्ला अदालतका जिल्ला न्यायाधीशहरु मध्येबाट प्रधानन्यायाधीशले तोकेको न्यायाधीशले यस ऐन बमोजिम मेलमिलाप हुन सक्ने त्यस्तो अदालतमा दायर भएका मुद्दामा मेलमिलापकर्ताको रुपमा समेत काम गर्न सक्नेछन्। (२) उपदफा (१) बमोजिम मेलमिलापकर्ताका रुपमा काम गर्न तोकिने न्यायाधीशले मेलमिलाप सम्बन्धी आधारभूत तालिम लिएको हुनु पर्नेछ। (३) उपदफा (१) बमोजिम मेलमिलापकर्ताको रूपमा काम गरेको न्यायाधीशले आफू मेलमिलापकर्ताको रुपमा संलग्न मुद्दामा मेलमिलाप वा मिलापत्र हुन नसकेमा त्यस्तो मुद्दाको सुनुवाई, कारबाही र किनारामा संलग्न हुन सक्ने छैन। (४) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस दफा बमोजिम मेलमिलापकर्ताको रुपमा काम गरेको न्यायाधीशले पक्षबाट पारिश्रमिक वा अन्य कुनै नाममा नगद वा जिन्सी लिन पाउने छैन।"	हुने न्यायाधीशहरुको अधिकारक्षेत्र र सीमा निर्दिष्ट गर्न तथा निजहरुले पालना गर्ने आचरण सम्बन्धी व्यवस्था गर्न आवश्यक भएकोले।
७.	८	१२. <u>मेलमिलापकर्ताले पालना गर्नुपर्ने कुराहरुः</u>	<u>मूल ऐनको दफा १२ मा संशोधनः</u> मूल ऐनको	

		मेलमिलापकर्ताले आफ्नो काम कारबाहीको सिलसिलामा देहायका कुराहरु पालना गर्नु पर्नेछः– (क) मेलमिलाप सम्बन्धी काम कारबाही निष्पक्ष रुपले गर्नु पर्ने, (ख) कुनै पक्षप्रति झुकाव, आग्रह, पूर्वाग्रह वा सो देखिने कुनै व्यवहार गर्न नहुने, (ग) कुनै पक्षलाई डर, त्रास, झुक्यान वा प्रलोभनमा पारी मेलमिलाप गराउन नहुने, (घ) विवादका कुनै पक्षसँग विवाद कायम रहेको बखत आर्थिक लेनदेन भएको हुन नहुने, (ङ) मेलमिलाप गराउने सम्बन्धमा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत कुनै काम गर्न नहुने, (च) मेलमिलाप सम्बन्धी काम	दफा १२ को,- (१) खण्ड (घ) मा रहेका "आर्थिक लेनदेन" भन्ने शब्दहरुको सट्टा "यस ऐनको दफा ४३ बमोजिम निर्धारित पारिश्रमिक बाहेक अन्य आर्थिक लेनदेन" भन्ने शब्दहरु राखिएका छन्। (२) खण्ड (च) मा रहेका "लेनदेन व्यवहार" भन्ने शब्दहरुको सट्टा "यस ऐनको दफा ४३ बमोजिम निर्धारित पारिश्रमिक बाहेक अन्य लेनदेन व्यवहार" भन्ने शब्दहरु राखिएका छन्।	आर्थिक लेनदेन वा लेनदेन व्यवहारभित्र मेलमिलापकर्ताले दफा ४३ बमोजिम लिन पाउने पारिश्रमिक समावेश नहुने गरी स्पष्ट गर्न आवश्यक भएकोले।

		कारबाहीको सिलसिलामा पक्षसँग आर्थिक तथा अन्य स्वार्थजन्य कुनै काम कारबाही वा लेनदेन व्यवहार गर्न नहुने, (छ) मेलमिलापको कार्य सम्पादन गर्दा पालना गर्नुपर्ने आचारसंहिता पालना गर्ने।		
८.	९	१४. <u>मेलमिलापको कार्यविधि प्रारम्भ हुने</u>: (१) अदालतमा दायर नभएको विवादको सम्बन्धमा कुनै एक पक्षले अर्को पक्षलाई सूचना दिएमा, दफा ३ को उपदफा (३) बमोजिमको विवादको सम्बन्धमा त्यस्तो विवादका पक्षहरुले सम्बन्धित मुद्दा हेर्ने निकाय समक्ष निवेदन दिएमा वा दफा ३ को उपदफा (४) को विवादको सम्बन्धमा मुद्दा हेर्ने निकायले मेलमिलापद्वारा विवादको समाधान गर्न आदेश दिएमा मेलमिलापको कार्यविधि प्रारम्भ भएको मानिनेछ ।	<u>मूल ऐनको दफा १४ मा संशोधन</u>: मूल ऐनको दफा १४ को उपदफा (१) मा रहेका "उपदफा (४)" भन्ने शब्दहरूको सट्टा "उपदफा (४) वा (४ख)" भन्ने शब्दहरू राखिएका छन्।	मुद्दा हेर्ने अधिकारीले दुबै पक्षको तारिख जोडिएपछि दुबै पक्षलाई मेलमिलाप वा मिलापत्रको माध्यमबाट विवादको निरूपण गर्न प्रेरित गरेको विवादको सम्बन्धमा समेत मेलमिलापको कार्यविधि प्रारम्भ गर्ने व्यवस्था गर्न।

९.	१०	**१५. <u>विवाद समाधान सम्बन्धी कार्यविधिः</u>** (१) मेलमिलापद्वारा विवाद समाधान गर्ने कार्यविधि सम्बन्धित पक्षहरुले निर्धारण गरे बमोजिम हुनेछ । (२) मेलमिलाप सम्बन्धी कार्य गर्ने कुनै संस्थाले बनाएको नियमावली वा अपनाएको कार्यविधि बमोजिम मेलमिलापद्वारा विवाद समाधान गर्ने सम्बन्धमा पक्षहरुबीच सहमति भएकोमा त्यस्तो नियमावली वा कार्यविधि बमोजिम विवादको समाधान गरिनेछ । (३) दफा ३ को उपदफा (४) बमोजिम मुद्दा हेर्ने निकायको आदेश बमोजिम मेलमिलापद्वारा विवादको समाधान गर्दा सम्बन्धित मुद्दा हेर्ने निकायले कुनै कार्यविधि निर्धारण गरेको वा त्यस्तो कार्यविधि अपनाउन आदेश गरेको रहेछ भने त्यस्तो कार्यविधि बमोजिम मेलमिलापद्वारा विवादको समाधान गरिनेछ । (४) उपदफा (१), (२) वा (३)	**<u>मूल ऐनको दफा १५ मा संशोधन</u>**ः मूल ऐनको दफा १५ को,- (१) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः- "(२) मेलमिलाप सम्बन्धी कार्य गर्ने कुनै संस्थाले बनाएको कार्यविधि बमोजिम मेलमिलापद्वारा विवाद समाधान गर्ने सम्बन्धमा पक्षहरूबीच सहमति भएकोमा त्यस्तो कार्यविधि बमोजिम विवादको समाधान गरिनेछ ।" (२) उपदफा (३) मा रहेका "उपदफा (४)" भन्ने शब्दहरूको सट्टा "उपदफा (४) वा (४ख)" भन्ने शब्दहरू राखिएका छन्। (३) उपदफा (४) मा रहेका "कार्यविधि वा नियमावलीको" भन्ने शब्दहरूको सट्टा "कार्यविधिको" भन्ने शब्द राखिएको छ।	विधेयकको दफा ६ मा मेलमिलाप सम्बन्धी कार्य गर्ने संस्थाले नियमावली बनाउने व्यवस्था हटाउन प्रस्ताव गरेकोले सो अनुकूल बनाउन आवश्यक भएकोले। मूल ऐनको दफा ३ मा उपदफा (४ख) थप गर्ने प्रस्ताव गरिएको सन्दर्भमा सो को हकमा समेत प्रस्तुत कार्यविधि बमोजिम गर्न आवश्यक भएकोले।

		बमोजिमको कार्यविधि वा नियमावलीको व्यवस्था नभएकोमा विवादको प्रकृति तथा विवादको शीघ्र समाधान गर्न पक्षहरुले चाहेको कुरालाई ध्यान दिई पक्षहरुको सहमतिमा मेलमिलापकर्ताबाट उपयुक्त ठानिएको कार्यविधि बमोजिम विवादको समाधान गरिनेछ ।		
१०.	११	**१६. <u>विवादको निरुपणः</u>** (१) दफा १५ बमोजिमको कार्यविधि अपनाउँदा पक्षहरु विवादको मेलमिलाप गर्न सहमत भएमा मेलमिलापकर्ताले सो व्यहोरा उल्लेख गरी मेलमिलापको लिखत खडा गरी सो कागजमा पक्षहरुको सहीछाप गर्न लगाई आफ्नो समेत सही गर्नु पर्नेछ। (२) उपदफा (१) बमोजिमको लिखत प्रत्येक पक्षलाई एक/एक प्रति उपलब्ध गराउनु पर्नेछ। (३) उपदफा (१) बमोजिम मेलमिलापको लिखत भएकोमा विवादको निरुपण भएको मानिनेछ।	**<u>मूल ऐनको दफा १६ मा संशोधनः</u>** मूल ऐनको दफा १६ को,- (१)उपदफा (१) मा रहेका "विवादको मेलमिलाप गर्न सहमत भएमा" भन्ने शब्दहरूको सट्टा "विवाद समाधान गर्न सहमत भएमा" भन्ने शब्दहरू राखिएका छन्। (२)उपदफा (४) मा रहेका "उपदफा (३) वा (४) " भन्ने शब्दहरूको सट्टा "उपदफा (३), (४) वा (४ख)" भन्ने शब्दहरू र "मेलमिलापको कागज" भन्ने शब्दहरूको सट्टा "मेलमिलापको लिखत" भन्ने शब्दहरू राखिएका छन्।	ऐनको विभिन्न दफामा प्रयोग भएका शब्दहरूमा एकरूपता कायम गर्न आवश्यक भएको साथै मिलापत्र कार्यान्वयन गर्दा दस्तुर नलाग्ने व्यवस्था गरी मिलापत्र कार्यान्वयनलाई प्रोत्साहित गर्न आवश्यक भएकोले।

		(४) दफा ३ को उपदफा (३) वा (४) बमोजिम मेलमिलापद्वारा विवादको समाधान गर्न तोकिएको विवादमा पक्षहरु मेलमिलाप गर्न सहमत भएमा मेलमिलापकर्ताले मेलमिलापको कागज सहित मुद्दाका पक्षहरुलाई मुद्दा हेर्ने निकाय समक्ष उपस्थित गराउनु पर्नेछ। (५) उपदफा (३) बमोजिम मिलापत्रको लिखत प्राप्त भएपछि मुद्दा हेर्ने निकायले पक्षहरुबीच प्रचलित कानून बमोजिम मिलापत्र गराइदिनु पर्नेछ। (६) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (५) बमोजिम मिलापत्र गर्दा कुनै दस्तुर लाग्ने छैन। (६क) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (५) बमोजिम मिलापत्र भएमा पक्षले मुद्दा दायर गर्दा दाखिला गरेको कोर्ट फि बापतको रकम मुद्दा हेर्न निकायले सम्बन्धित पक्षलाई फिर्ता गर्नेछ। (७) प्रचलित कानूनमा जुनसुकै	(३)उपदफा (५) मा रहेका "मिलापत्रको लिखत" भन्ने शब्दहरूको सट्टा "मेलमिलापको लिखत" भन्ने शब्दहरू राखिएका छन्। (४)उपदफा (६क) मा रहेका "फिर्ता गर्नेछ" भन्ने शब्दहरू पछि "र त्यस्तो मिलापत्र कार्यान्वयन गर्दा प्रचलित कानून बमोजिम फैसला कार्यान्वयन गर्दा लाग्ने दस्तुर लाग्ने छैन" भन्ने शब्दहरू थपिएका छन्।	

		कुरा लेखिएको भए तापनि तल्लो अदालत वा अर्धन्यायिक निकायबाट कैद वा जरिबाना वा दुबै सजाय भएको मुद्दामा मेलमिलाप हुँदा अदालतले अवस्था हेरी त्यस्तो कैद वा जरिबाना मिन्हा वा कम गर्न आदेश दिन सक्नेछ।		
११.	१२	**१७. <u>मेलमिलापको कार्यविधि अन्त्य हुनेः</u>** देहायको अवस्थामा मेलमिलापको कार्यविधि अन्त्य हुनेछः– (क) दफा १५ बमोजिम मेलमिलाप सम्बन्धी कार्यविधि अपनाउँदा पक्षहरु मेलमिलाप गर्न मञ्जूर नभएमा, (ख) मुद्दा हेर्ने निकायले तोकेको मितिमा पक्षहरु मेलमिलापकर्ता समक्ष उपस्थित नभएमा, (ग) मेलमिलापकर्ताद्वारा छलफलको लागि तोकिएको मितिमा कुनै पक्ष उपस्थित नभई मेलमिलापको कार्य	**<u>मूल ऐनको दफा १७ मा संशोधनः</u>** मूल ऐनको दफा १७ को खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छः- "(घ) मेलमिलापबाट विवाद समाधान गर्न पक्षहरू मञ्जुर भई मेलमिलापको लिखत खडा भएमा।"	मेलमिलापबाट विवाद समाधान गर्ने सम्बन्धमा दफामा रहेको भाषिक अष्पष्टता हटाउन आवश्यक भएकोले।

		अघि बढ्न नसकेमा, (घ) मेलमिलापको शर्तसँग पक्षहरु मञ्जूर भई लिखत खडा भएमा।		
१२.	१३	**१८. <u>प्रतिवेदन दिनु पर्नेः</u>** (१) दफा १७ को खण्ड (क), (ख) वा (ग) को अवस्थामा दफा ३ को उपदफा (३) वा (४) बमोजिम नियुक्त भएको मेलमिलापकर्ताले सात दिनभित्र सो व्यहोराको प्रतिवेदन मुद्दा हेर्ने निकाय समक्ष पेश गर्नु पर्नेछ । (२) उपदफा (१) बमोजिमको प्रतिवेदन प्राप्त भएपछि मुद्दा हेर्ने निकायले त्यस्तो मुद्दा कानून बमोजिम कारबाही र किनारा गर्नु पर्नेछ । (३) मेलमिलापको लागि अवधि तोकिएको भए सो अवधि भुक्तान भएको दश दिनभित्र पनि दफा १६ को उपदफा (४) बमोजिम मिलापत्रको कागज पेश नभएमा वा उपदफा (१) बमोजिमको प्रतिवेदन पेश हुन नआएमा मुद्दा हेर्ने	**<u>मूल ऐनको दफा १८ मा संशोधन</u>**: मूल ऐनको दफा १८ को,- (१) उपदफा (१) मा रहेका "उपदफा (३) वा (४)" भन्ने शब्दहरूको सट्टा "उपदफा (३), (४) वा (४ख) " भन्ने शब्दहरू राखिएका छन्। (२) उपदफा (३) मा रहेका "मिलापत्रको कागज" भन्ने शब्दहरूको सट्टा "मेलमिलापको लिखत" भन्ने शब्दहरू राखिएका छन्।	मेलमिलापकर्ताले दफा ३ को उपदफा (४ख) बमोजिम विवाद निरूपण गर्दा गरेका कामकारबाहीको सम्बन्धमा मुद्दा हर्ने निकाय समक्ष प्रतिवेदन पेस गर्ने व्यवस्थालाई समावेश गर्न तथा भाषिक रूपमा एकरूपता कायम गर्न आवश्यक भएकोले।

		निकायले त्यस्तो मुद्दा कानून बमोजिम कारबाही र किनारा गर्नेछ ।		
१३.	१४	**२१. <u>प्रमाणपत्र सम्बन्धी व्यवस्थाः</u>** (१) दफा २० बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा निवेदन दिने व्यक्तिलाई मेलमिलापकर्ताको प्रमाणपत्र दिन मनासिब देखिएमा परिषद्ले तोकिएको ढाँचामा प्रमाणपत्र दिनेछ। (२) उपदफा (१) बमोजिम दिइएको प्रमाणपत्र तीन वर्षका लागि कायम रहनेछ र त्यस्तो प्रमाणपत्र तोकिए बमोजिम नवीकरण हुन सक्नेछ। (३) मेलमिलापकर्ता हुनका लागि आवश्यक दफा २२ बमोजिमको योग्यता नरहेमा वा निजले कार्य सम्पादन गर्दा जालसाजपूर्ण वा किर्ते कार्य गरेमा तोकिएको कार्यविधि पूरा गरी परिषद्ले मेलमिलापकर्ताको प्रमाणपत्र रद्द गर्नेछ। (४) यो ऐन प्रारम्भ हुनु अघि प्रचलित कानून बमोजिम प्राप्त	**<u>मूल ऐनको दफा २१ मा संशोधन</u>**ः मूल ऐनको दफा २१ को,- (१) उपदफा (१) मा रहेका "तोकिएको ढाँचामा" भन्ने शब्दहरूको सट्टा "तोकिए बमोजिमको दस्तुर लिई तोकिएको ढाँचामा" भन्ने शब्दहरू राखिएका छन्। (२) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः- "(२) उपदफा (१) बमोजिम दिइएको प्रमाणपत्र जारी भएको मितिले पाँच वर्षको लागि मान्य हुनेछ र तोकिए बमोजिमको नवीकरण दस्तुर बुझाई तोकिए बमोजिम नवीकरण गराउनु पर्नेछ।" (३) उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएको छः- "(२क) परिषद्ले प्रमाणपत्र नवीकरणको काम परिषद्को सचिवालय र मेलमिलाप अनुगमन समितिबाट हुने गरी	मेलमिलापकर्ता प्रमाणपत्रको दस्तुर तथा त्यस्तो प्रमाणपत्र नवीकरणको दस्तुर सम्बन्धी व्यवस्था गरी नवीकरणको अवधि, नवीकरण गर्ने निकाय र प्रमाणपत्र रद्द हुने व्यवस्था स्पष्ट गर्न आवश्यक भएकोले।

		मेलमिलापकर्ताको प्रमाणपत्र यसै ऐन बमोजिम प्राप्त भएको मानिनेछ।	व्यवस्था मिलाउनेछ।" (४) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः- "(३) मेलमिलापकर्ताले दफा १२ को खण्ड (घ), (ङ), (च) वा (छ) विपरीत कुनै कार्य गरेमा वा निजको दफा २२ बमोजिमको योग्यता नरहेमा वा निजले कार्य सम्पादन गर्दा जालसाजपूर्ण वा किर्ते कार्य गरेमा परिषद्ले तोकिएको कार्यविधि पूरा गरी मेलमिलापकर्ताको प्रमाणपत्र रद्द गर्नेछ।"	
१४.	१५	नयाँ व्यवस्था	**<u>मूल ऐनको दफा २२ मा संशोधन</u>**ः मूल ऐनको दफा २२ को उपदफा (३) पछि देहायको उपदफा (४) थपिएको छः- "(४) उपदफा (१) को खण्ड (ग) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय तहमा हुने मेलमिलापको लागि स्नातक उपाधि हासिल गरेको व्यक्ति उपलब्ध नभएमा कम्तीमा माध्यमिक शिक्षा उत्तीर्ण वा सो सरहको शैक्षिक योग्यता भएका व्यक्तिले मेलमिलापकर्ताको	सबै स्थानीय तहमा स्नातक उपाधि हासिल गरी मेलमिलापकर्ताको रुपमा काम गर्ने व्यक्ति उपलब्ध हुन नसक्ने अवस्था भएकोले माध्यमिक शिक्षा उत्तिर्ण व्यक्ति पनि मेलमिलापकर्ता हुन सक्ने व्यवस्था गर्न आवश्यक भएकोले।

			रुपमा काम गर्न बाधा पर्ने छैन।"	
१५.	१६	२३. <u>मेलमिलाप सम्बन्धी कार्य गर्ने संस्था सम्बन्धी व्यवस्थाः</u> (१) पक्षहरुबीच यस ऐन बमोजिम मेलमिलाप गराउने उद्देश्य राखी प्रचलित कानून बमोजिम दर्ता भएका सङ्गठित संस्थाले आफ्नो उद्देश्य कार्यान्वयन गर्न वा गराउन स्वीकृतिको लागि देहायका कुराहरु खुलाई तोकिएको ढाँचामा परिषद् समक्ष निवेदन दिनु पर्नेछः– (क) संस्थाको नाम तथा दर्ता नम्बर, (ख) संस्थाको पदाधिकारीहरुको नाम, (ग) विवाद समाधान गर्न संस्थाले बनाएको मेलमिलाप सम्बन्धी कार्यविधि वा नियमावलीको प्रतिलिपि, (घ) संस्थाले मेलमिलाप सञ्चालन गर्न चाहेको ठाउँ। (२) उपदफा (१) बमोजिम प्राप्त भएको निवेदन सहितको कागजात जाँचबुझ गर्दा निवेदन दिने संस्थाले	**<u>मूल ऐनको दफा २३ मा संशोधन</u>**ः मूल ऐनको दफा २३ को उपदफा १ को खण्ड (ग) र उपदफा (२) मा रहेका "वा नियमावली" भन्ने शब्दहरू झिकिएका छन्।	प्रचलित कानून बमोजिम स्थापना भएका सङ्गठित संस्थाले नियमावली बनाउन सक्ने व्यवस्था हटाउन आवश्यक भएकोले।

		बनाएको मेलमिलापको कार्यविधि वा नियमावली र अन्य विवरण उपयुक्त देखिएमा परिषद्ले तोकिए बमोजिम दस्तुर लिई स्वीकृति दिनेछ।		
१६.	१७	२४. <u>मेलमिलापकर्ताको सूची कायम राख्नु पर्ने</u>: (१) दफा २३ को उपदफा (२) बमोजिम स्वीकृति पाएको संस्थाले कुनै विवादको निरुपण गर्न सहज पुऱ्याउन मेलमिलापकर्ता हुनसक्ने व्यक्तिहरुको सूची तयार गरी सार्वजनिक गर्नु पर्नेछ । (२) उपदफा (१) बमोजिमको सूचीमा अन्य कुराको अतिरिक्त सूचीमा समावेश भएका व्यक्तिको योग्यता, अनुभव, सम्पर्क गर्न सकिने ठेगाना उल्लेख गर्नु पर्नेछ । (३) विवादका पक्षहरुले सम्बन्धित संस्थाले बनाएको कार्यविधि वा नियमावलीको अधीनमा रही उपदफा (१) बमोजिम कायम भएको सूचीबाट मेलमिलापकर्ता छनौट गर्न सक्नेछन् ।	<u>**मूल ऐनको दफा २४ मा संशोधन**</u> :मूल ऐनको दफा २४ को उपदफा (३) मा रहेका "कार्यविधि वा नियमावलीको" भन्ने शब्दहरूको सट्टा "कार्यविधिको" भन्ने शब्द राखिएको छ।	प्रचलित कानून बमोजिम स्थापना भएका सङ्गठित संस्थाले नियमावली बनाउन सक्ने व्यवस्था हटाउन आवश्यक भएकोले।

१७.	१८	२५. <u>मेलमिलाप सम्बन्धी कार्यविधि वा नियमावली स्वीकृत गराउनु पर्नेः</u> (१) कुनै विवादको निरुपण गर्न मेलमिलाप सम्बन्धी कार्य गर्ने प्रचलित कानून बमोजिम स्थापना भएका सङ्गठित संस्थाले त्यस्तो कार्य सम्पादन गर्दा अपनाउने प्रक्रिया तय गरी कार्यविधि वा नियमावली बनाउन सक्नेछ। (२) उपदफा (१) बमोजिम बनाएको कार्यविधि वा नियमावली परिषद्बाट स्वीकृति प्राप्त गरेपछि लागू गर्नु पर्नेछ।	<u>**मूल ऐनको दफा २५ मा संशोधन**</u>: मूल ऐनको दफा २५ को दफा शीर्षक र ठाउँ ठाउँमा रहेका "वा नियमावली" भन्ने शब्दहरू झिकिएका छन्।	प्रचलित कानून बमोजिम स्थापना भएका सङ्गठित संस्थाले नियमावली बनाउन सक्ने व्यवस्था हटाउन आवश्यक भएकोले।
१८.	१९	२६. <u>परिषद्को गठनः</u> (१) मेलमिलापबाट विवाद समाधान गर्ने कार्यविधिको नियमित सुधार, परिमार्जन, नियमन तथा नियन्त्रण गर्ने कार्यसमेतको लागि देहाय बमोजिमको एक मेलमिलाप परिषद् गठन हुनेछः– (क) न्याय परिषद्को सिफारिसमा प्रधान न्यायाधीशले तोकेको सर्वोच्च अदालतको बहालवाला न्यायाधीश -अध्यक्ष	१९.<u>**मूल ऐनको दफा २६ मा संशोधन**</u> : मूल ऐनको दफा २६ को उपदफा (१) को,- (१)खण्ड (क) पछि देहायको खण्ड (क१) थपिएको छः- "(क१) मुख्य रजिष्ट्रार, सर्वोच्च अदालत - सदस्य" (२) खण्ड (ग) मा रहेका "सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय" भन्ने शब्दहरूको सट्टा "सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय" भन्ने शब्दहरू	न्याय परिषद्को सिफारिसमा प्रधान न्यायाधीशले तोकेको सर्वोच्च अदालतको बहालवाला न्यायाधीशले परिषद्को अध्यक्षता गर्ने व्यवस्था रहेको र परिषद्को सदस्यमा सर्वोच्च अदालतको मुख्य रजिष्ट्रारलाई पनि थप गर्दा मेलमिलाप परिषद्को काममा समन्वय र सहजीकरण गर्न पुग्ने भएकोले।

		(ख) सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय –सदस्य (ग) सचिव, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय– सदस्य (घ) नायव महान्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय – सदस्य	राखिएका छन्। (३) उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएको छः- "(२क) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि खण्ड (च), (छ) र (ज) बमोजिमको सदस्यले इमान्दारीपूर्वक पदीय जिम्मेवारी पूरा नगरेमा वा निजमा कार्य क्षमताको अभाव भएमा परिषद्ले निजलाई जुनसुकै बखत सो समितिको सदस्यबाट हटाउन सक्नेछ। तर त्यसरी निजलाई पदबाट हटाउनु अघि सफाई पेस गर्ने मौका दिनु पर्नेछ।"	
१९.	२०	२७. <u>परिषद्को काम, कर्तव्य र अधिकारः</u> यस ऐनमा अन्यत्र लेखिएदेखि बाहेक परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः– (क) मेलमिलापद्वारा विवादको निरुपण गर्न प्रोत्साहन हुने विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने वा गराउने, (ख) मेलमिलापद्वारा विवाद समाधानको कार्यविधिको	<u>मूल ऐनको दफा २७ मा संशोधनः</u> मूल ऐनको दफा २७ को,- (१) खण्ड (क) पछि देहायको खण्ड (क१) थपिएको छ :- "(क१)मेलमिलाप सम्बन्धी आवश्यक नीति निर्माण गरी कार्यान्वयन गर्ने गराउने," (२) खण्ड (च) को सट्टा देहायको खण्ड (च) राखिएको छः- "(च) स्थानीय तह वा समुदायस्तरमा	मुलुक सङ्घीय ढाँचामा गईसकेको सन्दर्भमा मेलमिलाप परिषद्को काम, कर्तव्य र अधिकारलाई सङ्घीय ढाँचा अनुरूप परिमार्जन गर्न, परिषद्लाई नीति निर्माण तथा सोको कार्यान्वयनमा केन्द्रित गर्न तथा प्रदेश र स्थानीय तहमा मेलमिलापको कार्यलाई प्रबर्धन गरी मेलमिलाप सम्बन्धी कामकारबाही

		सरलीकरण गरी त्यस्तो कार्यविधिको व्यापक प्रयोगका लागि प्रचलित कानूनमा सुधार गर्न नेपाल सरकारलाई सुझाव दिने, (ग) मेलमिलापकर्ताको लागि दिइने तालीमको पाठ्यक्रम स्वीकृत गर्ने तथा त्यस्तो तालीम सञ्चालन गर्न संस्था तोक्ने, (घ) मेलमिलाप सम्बन्धी सेवा प्रदान गर्ने संस्थाको संस्थागत क्षमता एवं तालीमको गुणस्तरको अनुगमन र मूल्याङ्कन गर्ने, (ङ) मेलमिलापकर्ताको दक्षता अभिवृद्धिको लागि तालीम तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गराउने, (च) स्थानीय स्तरमा सामुदायिक मेलमिलापको स्थायी संरचनाको प्रारुप तयार गरी	हुने मेलमिलापको लागि कानूनी तथा संस्थागत संरचना तयार गर्न आवश्यक सहयोग तथा समन्वय गर्ने," (३) खण्ड (च) पछि देहायका खण्ड (च१) र (च२) थपिएका छन्:- "(च१) प्रदेश तथा स्थानीय तहबाट मेलमिलापको कार्यलाई प्रवर्द्धन गर्न उपलब्ध गराउनु पर्ने सहयोगको सम्बन्धमा नेपाल सरकारको सम्बन्धित मन्त्रालयमा सिफारिस गर्ने, (च२) मेलमिलाप सम्बन्धी अनुगमन तथा मेलमिलापको प्रवर्द्धन र प्रभावकारिता अभिवृद्धिको लागि आवश्यकता अनुसार समिति गठन गरी अध्ययन तथा अनुसन्धान गर्ने, गराउने,"	व्यवस्थित गर्न तथा मेलमिलापकर्ताको आचरण पालनाको अनुगमन गर्ने, मेलमिलाप सम्बन्धी कार्यलाई परिष्कृत एवं प्रवर्द्धन गर्न समिति गठन गरी अध्ययन अनुसन्धान गर्ने गरी परिषद्को काम, कर्तव्य र अधिकारको व्यवस्था गर्न आवश्यक भएकोले।

		कार्यान्वयनको लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने, (छ) मेलमिलापकर्ताको काम कारबाहीको अनुगमन गर्ने वा गराउने, (ज) मेलमिलापकर्ताले आचारसंहिता पालना गरे वा नगरेको सम्बन्धमा छानबिन गराउने र पालना नगरेको अवस्थामा कारबाही गर्ने, (झ) मेलमिलाप सम्बन्धी अन्य काम कारबाही गर्ने वा गराउने।		
२०.	२१	२८. <u>बैठक सम्बन्धी कार्यविधिः</u> (१) परिषद्को बैठक परिषद्को अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ। (२) परिषद्को कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा परिषद्को बैठकको लागि गणपूरक संख्या पुगेको	<u>मूल ऐनको दफा २८ मा संशोधन</u>ः मूल ऐनको दफा २८ को,- (१) उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः- "(१क) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि परिषद्को अध्यक्ष नतोकिएको अवस्थामा परिषद्को सदस्य-	परिषद्को अध्यक्ष नतोकिएको अवस्थामा समेत परिषद्ले काम कारबाही तथा बैठक सञ्चालन सम्बन्धी कार्यलाई निरन्तरता दिन आवश्यक भएकोले।

		मानिनेछ। (३) परिषद्को बैठकको अध्यक्षता परिषद्को अध्यक्षले र निजको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरुले आफूहरुमध्येबाट छानेको सदस्यले गर्नेछ। (४) परिषद्को बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ। (५) परिषद्को बैठकको निर्णय परिषद्को सदस्य-सचिवले प्रमाणित गरी राख्नु पर्नेछ। (६) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैले निर्धारण गरे बमोजिम हुनेछ।	सचिवले सर्वोच्च अदालतको मुख्य रजिष्ट्रारसँग परामर्श गरी परिषद्को बैठक बस्ने मिति, समय र स्थान तोक्न सक्नेछ।" (२) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः- "(३) परिषद्को बैठकको अध्यक्षता परिषद्को अध्यक्षले र निजको अनुपस्थितिमा सर्वोच्च अदालतको मुख्य रजिष्ट्रारले गर्नेछ।"	
२१.	२२	**नयाँ व्यवस्था**	**<u>मूल ऐनमा दफा २८क., २८ख. र २८ग. थपः</u>** मूल ऐनको दफा २८ पछि देहायका दफा २८क., २८ख. र २८ग. थपिएका छन्:- "**२८क. <u>मेलमिलाप प्रवर्द्धन समिति</u>**: (१) वाणिज्य क्षेत्रसँग सम्बन्धित विवाद	वाणिज्य क्षेत्रसँग सम्बन्धित विवादलाई छिटो, छरितो र विश्वसनीय प्रकृयाबाट समाधान गर्न मेलमिलापको प्रक्रिया

			मेलमिलापबाट समाधान गर्न गराउन तथा वाणिज्य क्षेत्रमा मेलमिलाप प्रवर्द्धन गर्न आवश्यक कार्यक्रम सञ्चालन गर्न देहाय बमोजिमको वाणिज्य क्षेत्र मेलमिलाप प्रवर्द्धन समिति रहनेछः- (क) परिषद्का सदस्यहरू मध्येबाट अध्यक्षले तोकेको सदस्य - संयोजक (ख) नेपाल बैङ्कर्स संघको अध्यक्ष - सदस्य (ग) नेपाल उद्योग वाणिज्य महासंघको अध्यक्ष - सदस्य (घ) नेपाल चेम्बर अफ कमर्सको अध्यक्ष - सदस्य (ङ) नेपाल उद्योग परिसंघको अध्यक्ष - सदस्य (च) उत्पादन, निर्माण तथा वितरणका क्षेत्रका व्यावसायिक संघ महासंघहरूको प्रतिनिधित्व हुने	अवलम्बन गरी वाणिज्य क्षेत्रमा मेलमिलाप प्रवर्द्धन गर्न र आवश्यक कार्यक्रम सञ्चालन गर्न अलग्गै संरचनाको रुपमा वाणिज्य क्षेत्र मेलमिलाप प्रवर्द्धन समिति गठन गर्न आवश्यक भएकोले।

			गरी कम्तीमा एकजना महिलासहित परिषद्बाट मनोनीत दुईजना - सदस्य (छ) परिषद्को सदस्य-सचिव -सदस्य-सचिव" (२) उपदफा (१) को खण्ड (च) बमोजिम मनोनीत सदस्यको पदावधि दुई वर्षको हुनेछ। (३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि मनोनीत सदस्यले इमान्दारीपूर्वक पदीय जिम्मेवारी पूरा नगरेमा वा निजमा कार्य क्षमताको अभाव भएमा वाणिज्य क्षेत्र मेलमिलाप प्रवर्द्धन समितिले निजलाई जुनसुकै बखत सो समितिको सदस्यबाट हटाउन सक्नेछ। तर त्यसरी निजलाई पदबाट हटाउनु अघि सफाई पेस गर्ने मौका दिनु पर्नेछ। (४) उपदफा (१) बमोजिमको वाणिज्य क्षेत्र मेलमिलाप प्रवर्द्धन समितिको काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।	मेलमिलाप सम्बन्धमा प्रदेशस्तरमा समन्वय, अनुगमन, मूल्याङ्कन तथा सहजीकरण गर्नको लागि छुट्टै संयन्त्र स्थापित गरी सोको जिम्मेवारी तोक्न उपयुक्त हुने भएकोले।

			२८ख. <u>प्रदेश मेलमिलाप समन्वय समितिः</u> (१) मेलमिलाप सम्बन्धमा प्रदेशस्तरमा समन्वय, अनुगमन, मूल्याङ्कन तथा सहजीकरणको लागि प्रत्येक प्रदेशमा देहाय बमोजिमको प्रदेश मेलमिलाप समन्वय समिति रहनेछः- (क) परिषद्को सिफारिसमा प्रधान न्यायाधीशले तोकेको सम्बन्धित उच्च अदालतको न्यायाधीश - संयोजक (ख) सम्बन्धित प्रदेशको कानून विषय हेर्ने मन्त्रालयको सचिव - सदस्य (ग) सम्बन्धित उच्च सरकारी वकील कार्यालयको सहन्यायाधिवक्ता - सदस्य (घ) सम्बन्धित उच्च अदालत रहेको स्थानीय तहको न्यायिक समितिको संयोजक - सदस्य (ङ) सम्बन्धित उच्च अदालत बार एकाइको अध्यक्ष -	

			सदस्य (च) प्रदेशभित्र मेलमिलापको क्षेत्रमा कार्यरत संस्थाहरूमध्येबाट मेलमिलाप समन्वय समितिले मनोनयन गरेको संस्थाको एकजना महिला प्रतिनिधि - सदस्य (छ) सम्बन्धित उच्च अदालतको रजिष्ट्रार -सदस्य-सचिव (२) उपदफा (१) बमोजिमको प्रदेश मेलमिलाप समन्वय समितिको बैठक सो समितिको संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ। (३) उपदफा (१) बमोजिमको मेलमिलाप समन्वय समितिका कूल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ। (४) उपदफा (१) बमोजिमको मेलमिलाप समन्वय समितिको बैठकको	

			अध्यक्षता सो समितिको संयोजकले गर्नेछ। (५) उपदफा (१) को खण्ड (च) बमोजिम मनोनीत सदस्यको पदावधि दुई वर्षको हुनेछ। (६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि मनोनीत सदस्यले इमान्दारीपूर्वक पदीय जिम्मेवारी पूरा नगरेमा वा निजमा कार्य क्षमताको अभाव भएमा प्रदेश मेलमिलाप समन्वय समितिले निजलाई जुनसुकै बखत सो समितिको सदस्यबाट हटाउन सक्नेछ। तर त्यसरी निजलाई पदबाट हटाउनु अघि सफाई पेस गर्ने मौका दिनु पर्नेछ। (७) उपदफा (१) बमोजिमको प्रदेश मेलमिलाप समन्वय समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ। **२८ग. <u>प्रदेश मेलमिलाप समन्वय समितिको काम, कर्तव्य र अधिकारः</u>** दफा २८ख. बमोजिमको प्रदेश मेलमिलाप समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-	मेलमिलाप सम्बन्धमा प्रदेशस्तरमा रहेको छुट्टै संयन्त्रको काम, कर्तव्य र अधिकार निर्धारण गरी संघीय संरचनाअनुसार मेलमिलाप सम्बन्धी कार्यलाई प्रभावकारी बनाउन आवश्यक भएकोले।

			(क) विवादको निरुपण मेलमिलापद्वारा गर्न प्रोत्साहनको लागि प्रदेशस्तरमा कार्यक्रम सञ्चालन गर्ने गराउने, (ख) प्रदेशभित्र सञ्चालन भएका मेलमिलाप सम्बन्धी कार्यक्रम तथा कामको अनुगमन गर्ने गराउने, (ग) न्यायिक समिति, मेलमिलाप सम्बन्धी सेवा प्रदान गर्ने संस्था तथा मेलमिलापकर्ताबीचमा समन्वय गर्ने, (घ) प्रदेशमा भएका मेलमिलाप सम्बन्धी कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी प्रत्येक वर्ष भदौ पन्ध्र गतेभित्र परिषद्मा पठाउने, (ङ) मेलमिलाप सम्बन्धमा परिषद्ले तोकेका अन्य काम गर्ने गराउने।"	
२२.	२३	२९. **मेलमिलाप अनुगमन समितिः** स्थानीय स्तरमा मेलमिलाप सम्बन्धी काम कारबाहीको अनुगमन गर्न तोकिए बमोजिमको मेलमिलाप अनुगमन समिति	**मूल ऐनको दफा २९ मा संशोधनः** मूल ऐनको दफा २९ को सट्टा देहायको दफा २९ राखिएको छः- "**२९. जिल्ला मेलमिलाप समन्वय समितिः** (१)	

		रहनेछ।	मेलमिलाप सम्बन्धी कामकारबाहीको जिल्लास्तरमा समन्वय, सहयोग तथा सहजीकरण गरी मेलमिलाप सम्बन्धी काम कारबाहीमा एकरुपता ल्याउन तथा अनुगमन गर्न प्रत्येक जिल्लामा देहाय बमोजिमको जिल्ला मेलमिलाप समन्वय समिति रहनेछः- (क) जिल्ला न्यायाधीश -संयोजक (ख) जिल्ला सदरमुकाम रहेको स्थानीय तहको उपप्रमुख वा उपाध्यक्ष - सदस्य (ग) जिल्ला न्यायाधिवक्ता - सदस्य (घ) जिल्ला न्यायाधीशले तोकेको जिल्लास्थित मुद्दा हेर्ने निकायको प्रतिनिधि एकजना -सदस्य (ङ) सचिव, जिल्ला बार एकाई - सदस्य (च) सम्बन्धित जिल्लास्थित मेलमिलाप सम्बन्धी कार्य गर्ने संस्था वा सूचीकृत	मेलमिलाप सम्बन्धी कामकारबाहीमा एकरूपता ल्याउन तथा अनुगमन सम्बन्धी काम गर्न प्रत्येक जिल्लामा जिल्ला मेलमिलाप समन्वय समितिको व्यवस्था गर्न आवश्यक भएकोले।

			मेलमिलापकर्ताको प्रतिनिधित्व हुने गरी मेलमिलाप समन्वय समितिबाट मनोनीत एकजना महिला सदस्य -	
			(छ) श्रेस्तेदार, जिल्ला अदालत - सदस्य सचिव	
			(२) उपदफा (१) को खण्ड (च) बमोजिम मनोनीत सदस्यको पदावधि दुई वर्षको हुनेछ।	
			(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि मनोनीत सदस्यले इमान्दारीपूर्वक पदीय जिम्मेवारी पूरा नगरेमा वा निजमा कार्य क्षमताको अभाव भएमा जिल्ला मेलमिलाप समन्वय समितिले निजलाई जुनसुकै बखत सो समितिको सदस्यबाट हटाउन सक्नेछ।	
			तर त्यसरी निजलाई पदबाट हटाउनु अघि सफाई पेस गर्ने मौका दिनु पर्नेछ।	
			(४) उपदफा (१) बमोजिमको जिल्ला मेलमिलाप समन्वय समितिको अन्य काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी	

			कार्यविधि तोकिए बमोजिम हुनेछ।"	
२३.	२४	**३०. <u>मेलमिलाप सम्बन्धी कोषः</u>** (१) मेलमिलाप सम्बन्धी काम, कारबाहीलाई प्रभावकारी रुपले सञ्चालन गर्ने सम्बन्धमा आवश्यक काम गर्न परिषद् अन्तर्गत एक कोष रहनेछ। (२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछन्:– (क) नेपाल सरकारबाट प्राप्त रकम, (ख) विदेशी सरकार, स्वदेशी वा विदेशी व्यक्ति संघ वा संस्थाबाट प्राप्त रकम, (ग) परिषद्ले मेलमिलाप सम्बन्धी कार्य गर्ने संस्थाको स्वीकृति दिंदा प्राप्त गरेको रकम, (घ) अन्य स्रोतबाट प्राप्त रकम। (३) उपदफा (२) को खण्ड (ख) बमोजिम विदेशी सरकार, व्यक्ति, संघ वा संस्थाबाट कुनै रकम प्राप्त गर्नुअघि	**<u>मूल ऐनको दफा ३० मा संशोधनः</u>** मूल ऐनको दफा ३० को उपदफा (३) मा रहेका "नेपाल सरकार" भन्ने शब्दहरूको सट्टा "नेपाल सरकार, अर्थ मन्त्रालयको" भन्ने शब्दहरू राखिएका छन्।	नेपाल सरकार भन्नाले नेपाल सरकार, मन्त्रिपरिषद् समेत बुझिने हुनाले अर्थ मन्त्रालयको नाम नै तोकी स्पष्ट गर्न उपयुक्त हुने भएकोले।

		परिषद्ले नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ। (४) उपदफा (२) बमोजिम प्राप्त भएको रकम परिषद्को नाममा कुनै वाणिज्य बैङ्कमा खाता खोली जम्मा गरिनेछ। (५) उपदफा (४) बमोजिम खोलिएको खाताको सञ्चालन परिषद्को सचिवालयको प्रमुख र सो परिषद्ले तोकेको अन्य कर्मचारीले गर्नेछ।		
२४.	२५	**३३. <u>समुदायमा आधारित विवाद समाधानः</u>** (१) यस ऐन बमोजिम मेलमिलापद्वारा निरुपण हुन सक्ने विवादको समुदायमा आधारित मेलमिलाप सम्बन्धी संयन्त्रद्वारा पनि समाधान गर्न सकिनेछ। (२) उपदफा (१) बमोजिम विवाद समाधान गर्न सहज पुर्याउन सम्बन्धित समुदायले विवाद उत्पन्न भएपछि वा विवाद उत्पन्न हुनु अघि नै मेलमिलापकर्ताको समूह तयार गर्न सक्नेछ।	**<u>मूल ऐनको दफा ३३ मा संशोधन</u>**: मूल ऐनको दफा ३३ को,- (१)उपदफा (३) मा रहेको "समूहमा" भन्ने शब्दपछि "मेलमिलापकर्ताको तालीम लिएका" भन्ने शब्दहरू थपिएका छन्। (२)उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएको छ :- "(४) उपदफा (२) बमोजिमको समूह तयार गर्दा महिला, समुदायमा उपलब्ध दलित तथा आदिवासी जनजाति समेतको प्रतिनिधित्व हुने गरी समावेशी सिद्धान्तको आधारमा	समुदायमा आधारित विवाद समाधान गर्न गठन हुने मेलमिलापकर्ताको समूहमा रहने व्यक्तिले मेलमिलाप सम्बन्धी तालिम लिएको हुनुपर्ने व्यवस्था गर्न उपयुक्त भएकोले। साथै त्यस्तो समूह समावेशी बनाउन तथा सो को काम कारवाही गर्ने प्रक्रिया समेत व्यवस्था गर्न आवश्यक भएकोले।

		(३) उपदफा (२) बमोजिमको समूहमा देहायका व्यक्तिहरु रहन सक्ने छन् :– (क) स्थानीय समुदायका प्रतिष्ठित व्यक्तिहरु, (ख) स्थानीय स्तरमा कार्यरत सामुदायिक संस्थाले तोकेका व्यक्तिहरु, (ग) स्थानीय समाजसेवीहरु, (घ) स्थानीय स्तरका विद्यालय वा महाविद्यालयमा कार्यरत शिक्षक वा प्राध्यापक। (४) उपदफा (३) बमोजिमको समूह तयार गर्दा आवश्यकता अनुसार उपयुक्त संख्यामा महिलाको प्रतिनिधित्वलाई सुनिश्चित गर्नु पर्नेछ।	तयार गर्नु पर्नेछ।" (३) उपदफा (४) पछि देहायका उपदफा (५), (६) र (७) थपिएका छन् :- "(५) उपदफा (२) बमोजिम तयार भएको मेलमिलापकर्ताको समूहमा रहेका मेलमिलापकर्तालाई सम्बन्धित स्थानीय तहले मेलमिलापकर्ताको परिचयपत्र उपलब्ध गराउनेछ। (६) उपदफा (५) बमोजिम मेलमिलापकर्तालाई दिने परिचयपत्रको ढाँचा तथा तत् सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ। (७) उपदफा (२) र (३) मा लेखिएको कुनै कुराले मेलमिलापकर्ताको समूहमा नपरेको व्यक्तिलाई विवादको पक्षले मेलमिलापकर्ताको रुपमा राख्न चाहेमा त्यस्तो व्यक्तिलाई त्यस्तो विवादमा मेलमिलापकर्ताको रुपमा नियुक्त गर्न बाधा पर्ने छैन।"	
२५.	२६	**३४. <u>सामुदायिक मेलमिलाप</u>ः** (१) समुदायमा	**<u>मूल ऐनको दफा ३४ मा संशोधन</u>** : मूल ऐनको	

		आधारित मेलमिलापद्वारा विवादको निरुपण गर्न सहज पुऱ्याउँदा आवश्यक संख्यामा मेलमिलापकर्ता रहनेछन्। (२) उपदफा (१) बमोजिमका मेलमिलापकर्ताले पक्षहरुलाई विवाद समाधान गर्न सहायता पुऱ्याउनेछन्। (३) उपदफा (२) बमोजिम सहायता पुऱ्याउँदा विवादका पक्षहरुलाई आपसमा सहमति कायम गर्न, विवादलाई एक अर्कालाई मान्य हुने गरी सम्झौता गर्न र समुदायमा आधारित मेलमिलापद्वारा भएको विवादको समाधानलाई हारजीतको रुपमा नलिन उत्प्रेरण गर्नेछन्। (४) समुदायमा आधारित मेलमिलापकर्तालाई विवाद समाधान गर्न सघाउ पुऱ्याउने कार्यमा स्थानीय स्तरमा कार्यरत गैर सरकारी संस्थाले आवश्यक प्राविधिक र अन्य सहयोग गर्न सक्नेछन्। (५) समुदायमा आधारित मेलमिलापद्वारा विवाद समाधान गर्ने	दफा ३४ को,- (१) उपदफा (६) को सट्टा देहायको उपदफा (६) राखिएको छः- "(६) समुदायमा आधारित मेलमिलापद्वारा विवाद समाधान गर्दा त्यसरी विवाद समाधान गरिएको परिणाम लिखित रुपमा तयार गरी त्यसको एक प्रति स्थानीय तहको मेलमिलाप केन्द्र वा त्यस्तो केन्द्र नभएको अवस्थामा सम्बन्धित वडा समितिको कार्यालयमा अभिलेख राख्नको लागि पठाउनु पर्नेछ।" (२) उपदफा (६) पछि देहायको उपदफा (६क) थपिएको छ :- "(६क) उपदफा (६) बमोजिम मेलमिलापको लिखत अभिलेखको लागि प्राप्त भएमा सम्बन्धित मेलमिलाप केन्द्र वा वडा समितिको कार्यालयले अभिलेख खडा गरी त्यस्तो लिखत सुरक्षित राख्नु पर्नेछ।"	समुदायमा आधारित मेलमिलापद्वारा समाधान भएको विवादको परिणामको लिखत सुरक्षित राख्ने अधिकार मेलमिलाप केन्द्र तथा सम्बन्धित वडा कार्यालयलाई तोकी लिखतको आवश्यक सुरक्षा प्रत्याभूत गर्न आवश्यक भएकोले।

		प्रयोजनको लागि सम्बन्धित समुदायका सदस्यहरुको भेलाले आवश्यक कार्यविधि तय गर्न सक्नेछ। (६) समुदायमा आधारित मेलमिलापद्वारा विवाद समाधान गर्दा मेलमिलापद्वारा समाधान गरिएको परिणाम लिखित रुपमा स्थानीय निकायमा अभिलेख गर्न सकिनेछ। (७) समुदायमा आधारित मेलमिलापद्वारा विवाद समाधान गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।		
२६.	२७	नयाँ व्यवस्था थप	**<u>मूल ऐनमा दफा ३४क. र ३४ख.थप</u>** : मूल ऐनको दफा ३४ पछि देहायका दफा ३४क. र ३४ख. थपिएका छन्:- "**३४क. <u>सामुदायिक मेलमिलाप केन्द्रको स्थापना गर्न सक्ने</u>** : (१) सामुदायिक मेलमिलापको कार्यलाई व्यवस्थित तथा प्रभावकारी बनाउन सम्बन्धित स्थानीय तहको सहयोग तथा सहकार्यमा समुदायले स्थानीय तहमा सामुदायिक	सम्बन्धित स्थानीय तहको सहयोग तथा सहकार्यमा सामुदायिक मेलमिलापको कार्यलाई व्यवस्थित तथा प्रभावकारी बनाउँदै स्थानीय स्तरबाट विवादको समाधान गर्न प्रोत्साहित गर्न, समुदायमा आधारित मेलमिलापकर्ताको क्षमता अभिवृद्धि गर्न, सेवा सुविधा लगायतका

			मेलमिलाप केन्द्र स्थापना गर्न सक्नेछ। (२) न्यायिक समितिले मेलमिलाप गराउने प्रयोजनको लागि प्रचलित कानून बमोजिम वडा स्तरमा मेलमिलाप केन्द्र गठन गरेको भए उपदफा (१) बमोजिमको सामुदायिक मेलमिलाप केन्द्रको काम समेत त्यस्तो मेलमिलाप केन्द्रबाट हुने गरी एकीकृत र समन्वयात्मक रुपमा मेलमिलाप केन्द्रको स्थापना तथा सञ्चालन गर्न सकिनेछ। (३) सामुदायिक मेलमिलाप केन्द्र स्थापना तथा सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहको कानून बमोजिम हुनेछ। **३४ख. <u>सामुदायिक मेलमिलाप केन्द्रको कोष रहने</u>** : (१) दफा ३४क. बमोजिम स्थापित सामुदायिक मेलमिलाप केन्द्र सञ्चालनको लागि एक सामुदायिक मेलमिलाप कोष रहन सक्नेछ। (२) उपदफा (१) बमोजिमको कोषमा देहायको रकम रहनेछः- a. नेपाल सरकार तथा प्रदेश	व्यवस्था गर्न स्थानीय तहमा मेलमिलाप केन्द्रको स्थापना र सो को सञ्चालन गर्न आवश्यक भएकोले।

			सरकारबाट अनुदान स्वरुप प्राप्त रकम, b. स्थानीय तहबाट प्राप्त रकम, c. कुनै संघ संस्था वा व्यक्तिबाट सहयोग स्वरुप प्राप्त रकम। (३) उपदफा (१) बमोजिमको कोषको रकमको प्रयोग सामुदायिक मेलमिलाप केन्द्रको काम बाहेक अन्य काममा प्रयोग गर्न सकिने छैन। (४) उपदफा (१) बमोजिमको कोषको आय व्ययको लेखा सम्बन्धित सामुदायिक मेलमिलाप केन्द्रले राख्नु पर्नेछ। (५) उपदफा (१) बमोजिमको कोषको लेखापरीक्षण प्रचलित कानून बमोजिम इजाजतपत्र प्राप्त लेखापरीक्षकद्वारा गराउनु पर्नेछ । (६) स्थानीय तहले जुनसुकै बखत सामुदायिक मेलमिलाप केन्द्रको कोषको आय व्ययको हिसाब जाँच तथा अनुगमन गर्न	

			सक्नेछ। (७) उपदफा (१) बमोजिमको कोषको सञ्चालन सम्बन्धी व्यवस्था स्थानीय तहको कानून बमोजिम हुनेछ।"	
२७.	२८	**३५. <u>प्रशिक्षण तथा प्राविधिक सेवा उपलब्ध गराउने</u>:** (१) समुदायमा आधारित मेलमिलापद्वारा विवादको समाधान गर्न सम्बन्धित <u>गाउँपालिका</u> र नगरपालिकाले समुदायमा आधारित मेलमिलापकर्तालाई आवश्यक प्राविधिक सेवा उपलब्ध गराउन सक्नेछ। (२) समुदायमा आधारित मेलमिलापकर्तालाई मेलमिलाप गराउने कार्यमा दक्षता विकास गर्न आवश्यक तालीम उपलब्ध गराउन नेपाल सरकारले आवश्यकता अनुसार राष्ट्रिय वा स्थानीय स्तरका गैर सरकारी संस्था वा समुदायमा आधारित संस्थालाई परिचालन गर्न सक्नेछ।	**<u>मूल ऐनको दफा ३५ मा संशोधन</u>**: मूल ऐनको दफा ३५ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :- "(१) समुदायमा आधारित मेलमिलापद्वारा विवादको समाधान गर्न सम्बन्धित गाउँ कार्यपालिका वा नगर कार्यपालिकाले समुदायमा आधारित मेलमिलापकर्तालाई तथा दफा ३४क. बमोजिमको सामुदायिक मेलमिलाप केन्द्रलाई आवश्यक प्राविधिक सेवा उपलब्ध गराउन सक्नेछ।"	सामुदायिक मेलमिलाप केन्द्रलाई प्राविधिक सेवा उपलब्ध गराई उक्त केन्द्रलाई प्रभावकारी रूपले सञ्चालन गर्न आवश्यक भएकोले।
२८.	२९	नयाँ व्यवस्था थप	**<u>मूल ऐनमा दफा ३६क. थप</u>**: मूल ऐनको दफा	

			३६ पछि देहायको दफा ३६क. थपिएको छः- "३६क. **<u>श्रव्य-दृष्य संवाद (भिडियो कन्फ्रेन्स) मार्फत छलफल गराउन सकिने</u>** : मेलमिलापकर्ताले मेलमिलाप सम्बन्धी छलफल तथा सहजीकरणको कार्य परिषद्बाट निर्धारित मापदण्ड पालना गरी श्रव्य-दृष्य संवाद (भिडियो कन्फ्रेन्स) मार्फत समेत गराउन सक्नेछ।"	मेलमिलापकर्ताले डिजिटल प्रविधिको उपयोग गरी प्रदान गर्ने मेलमिलाप सम्बन्धी सेवा प्रवाहलाई छिटो, छरितो, मितव्ययी र गुणस्तरीय बनाउन आवश्यक भएकोले।
२९.	३०	४०. <u>मिलापत्रको कार्यान्वयन :</u> (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ३ को उपदफा (३) वा (४) बमोजिमको विवादका सम्बन्धमा यस ऐन बमोजिम मिलापत्र भएको मितिले पैंतालीस दिनभित्र सम्बन्धित पक्षले त्यस्तो मिलापत्र कार्यान्वयन गर्नु पर्नेछ। (२) उपदफा (१) बमोजिमको अवधिभित्र सम्बन्धित पक्षले उपदफा (१) बमोजिम मिलापत्र कार्यान्वयन नगरेमा सम्बन्धित पक्षले मिलापत्र कार्यान्वयनको लागि मिलापत्र भएको	**४०.<u>मेलमिलापको लिखत वा मिलापत्रको कार्यान्वयन</u>**: (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम विवाद समाधानका लागि मेलमिलापको लिखत खडा भएमा वा मिलापत्र भएमा त्यसरी मेलमिलापको लिखत खडा भएको वा मिलापत्र भएको मितिले पैंतालीस दिनभित्र सम्बन्धित पक्षले त्यस्तो मेलमिलापको लिखत वा मिलापत्र कार्यान्वयन गर्नु पर्नेछ। (२) उपदफा (१) बमोजिमको अवधिभित्र मेलमिलापको लिखत वा मिलापत्र कार्यान्वयन नगरेमा सम्बन्धित पक्षले मेलमिलापको लिखत वा मिलापत्र कार्यान्वयनको	मेलमिलापको लिखतलाई समेत कार्यान्वयन गर्न आवश्यक भएकोले।

		विषयसँग सम्बन्धित निकाय समक्ष निवेदन दिन सक्नेछ। (३) उपदफा (२) बमोजिम निवेदन प्राप्त भएमा त्यस्तो निकायले प्रचलित कानून बमोजिम त्यस्तो मिलापत्र कार्यान्वयन गरिदिनु पर्नेछ।	लागि सम्बन्धित निकाय समक्ष निवेदन दिन सक्नेछ। (३) उपदफा (२) बमोजिम निवेदन प्राप्त भएमा त्यस्तो निकायले प्रचलित कानून बमोजिम त्यस्तो मेलमिलापको लिखत वा मिलापत्र अदालतको फैसला सरह कार्यान्वयन गरिदिनु पर्नेछ ।	
३०.	३१	नयाँ व्यवस्था थप	**<u>मूल ऐनमा दफा ४१क. र ४१ख. थप</u>** : मूल ऐनको दफा ४१ पछि देहायका दफा ४१क. र ४१ख. थपिएका छन् :- "४१क. विदेशमा भएको मेलमिलापको कार्यान्वयन हुने : (१) विदेशमा भएको मेलमिलापको लिखतलाई मान्यता दिने तथा कार्यान्वयन गराउने सम्बन्धमा व्यवस्था भएको कुनै सन्धिको नेपाल पक्ष भएको रहेछ भने सो सन्धिको पक्ष भएको विदेशी मुलुकको इलाकामा यो दफा प्रारम्भ भएपछि भएको मेलमिलापको लिखतलाई त्यस्तो सन्धिको व्यवस्था तथा तत् सम्बन्धी शर्तहरूको अधीनमा रही देहायको अवस्थामा मान्यता दिई नेपालमा कार्यान्वयन हुनेछः- (क) सम्बन्धित मुलुकको कानून तथा	मेलमिलाप कार्यान्वयन सन्दर्भमा अन्तर्राष्ट्रिय सन्धिको पालना गर्न तथा विदेशमा भएको मेलमिलापको लिखत कार्यान्वयन सम्बन्धी प्रकृयागत, कार्यविधिगत व्यवस्था गर्न र विदेशमा भएका तर नेपालको कानून बमोजिम मेलमिलाप हुन नसक्ने प्रकृतिका वा नेपालको सार्वजनिक नीति विपरीतका मेलमिलापका लिखतलाई कार्यान्वयन नगर्ने सम्बन्धमा स्पष्ट व्यवस्था गर्नुपर्ने भएकोले।

			कार्यविधि बमोजिम मेलमिलाप भई मेलमिलापको लिखत भएको, (ख) जुन मुलुकमा मेलमिलाप भई मेलमिलापको लिखत खडा भएको हो सो मुलुकको कानून बमोजिम अन्तिम र बन्धनकारी भइसकेको, (ग) जुन व्यक्तिले मेलमिलापको लिखत कार्यान्वयन गराउन निवेदन दिएको हो सो व्यक्तिको मुलुकको कानूनमा वा मेलमिलाप भएको स्थानको मुलुकको कानूनमा नेपालमा भएको मेलमिलापको लिखत कार्यान्वयन हुन सक्ने कानूनी व्यवस्था भएको, (घ) मेलमिलापको लिखत तयार भएको मितिले नब्बे दिनभित्र मेलमिलापको लिखत कार्यान्वयनका लागि निवेदन परेको । (२) विदेशमा भएको मेलमिलाप नेपालमा कार्यान्वयन गराउन चाहने पक्षले देहायका कागजात संलग्न गरी सम्बन्धित जिल्ला अदालतमा निवेदन दिनु पर्नेछ :- (क) मेलमिलापबाट गरिएको	

			मेलमिलापको लिखतको सक्कल वा त्यसको प्रमाणित प्रति, (ख) मेलमिलापको लिखत नेपाली भाषामा रहेनछ भने सोको नेपाली भाषामा गरिएको औपचारिक अनुवादको प्रमाणित प्रति। (३) उपदफा (२) बमोजिम परेको कुनै निवेदनमा उपदफा (१) मा उल्लिखित शर्तहरू पूरा भएको छ भन्ने कुरामा सम्बन्धित जिल्ला अदालत सन्तुष्ट भएमा त्यस्तो निर्णय कार्यान्वयन गर्न आदेश दिनेछ। (४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा विदेशमा भएको मेलमिलाप कार्यान्वयन हुने छैनः- (क) जुन विवादमा मेलमिलाप गरिएको हो सो विवाद नेपाल कानून बमोजिम मेलमिलापबाट समाधान हुन नसक्ने प्रकृतिको भएमा, (ख) मेलमिलाप कार्यान्वयन गर्दा सार्वजनिक नीति विरुद्ध हुने भएमा। **४१ख. <u>हदम्यादमा गणना नहुने</u>** : प्रचलित कानून बमोजिम मुद्दा हेर्ने निकायमा	मेलमिलाप प्रक्रियालाई न्याय सम्पादनको अभिन्न माध्यमको रुपमा कार्यान्वयन गर्दै मेलमिलापमा सहभागी हुँदा प्रचलित नेपाल कानूनमा सुनिश्चित गरिएको हदम्याद

			मुद्दा दायर हुन सक्ने हदम्याद बाँकी छँदै यस ऐन बमोजिम मेलमिलापको प्रक्रिया प्रारम्भ भई मेलमिलाप हुन नसकेको अवस्थामा त्यसरी मेलमिलापको प्रक्रियामा लागेको अधिकतम तीन महिनासम्मको समयावधिलाई प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि मुद्दा हेर्ने निकायमा मुद्दा दायर गर्ने प्रयोजनको लागि हदम्यादको अवधिमा गणना गरिने छैन।	समाप्त हुन गई पक्ष उपचारको हकबाट वञ्चित हुने आवस्था सिर्जना नहोस भन्ने उद्देश्यले अधिकतम तीन महिनाको हदम्याद गणना नगरिने व्यवस्था गरी मेलमिलाप प्रक्रियालाई प्रोत्साहित गर्न आवश्यक भएकोले।
३१.	३२	४६. **मेलमिलापको लागि स्थानीय तहसमक्ष मुद्दा पठाउन सक्ने**: (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय स्वायत्त शासन ऐन, २०५५ बमोजिम मध्यस्थताद्वारा विवाद समाधान गर्ने विषयमा यस ऐनमा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन। तर सो ऐनको दफा ३३ र १०१ प्रारम्भ नभएसम्मको लागि अदालत वा अर्धन्यायिक निकायले आफूसमक्ष	**मूल ऐनको दफा ४६ मा संशोधन** : मूल ऐनको दफा ४६ को सट्टा देहायको दफा ४६ राखिएको छः- "**४६.स्थानीय तहमा मेलमिलापको लागि मुद्दा पठाउन सक्ने** : (१) मुद्दा हेर्ने निकायले कुनै मुद्दामा स्थानीय तहबाट मेलमिलाप गराउन सकिने वा उपयुक्त हुने देखेमा त्यस्तो मुद्दा मेलमिलापको लागि सम्बन्धित स्थानीय तहमा पठाउन सक्नेछ। (२) उपदफा (१) बमोजिम मेलमिलापको लागि प्राप्त भएको मुद्दामा स्थानीय तहको	अदालतमा दर्ता हुन आएका मुद्दाको प्रकृति र विषयलाई मध्यनजर गरी मेलमिलापकै माध्यमबाट निरुपण हुन सक्ने विवादलाई स्थानीय तहबाट सञ्चालन हुने मेलमिलापको प्रक्रियाबाट छिटो छरितो, सरल र मितव्ययी तरिकाले विवाद निरुपण गरी सम्बन्धित पक्षलाई छिटो न्याय उपलब्ध गराउने व्यवस्था गर्न आवश्यक भएकोले।

		विचाराधीन रहेका मुद्दा मेलमिलापको लागि स्थानीय तहमा पठाउन मनासिब देखेमा सम्बन्धित पक्ष र सम्बन्धित स्थानीय तहको सहमति लिई त्यस्तो मुद्दा त्यस्तो निकायमा पठाउन सकिनेछ। (२) उपदफा (१) बमोजिम मेलमिलापको लागि कुनै मुद्दा स्थानीय तह समक्ष पठाइएकोमा सम्बन्धित निकायले आवश्यकता अनुसार छुट्टै कार्यविधि अपनाई त्यस्तो मुद्दाका पक्षहरुबीच मेलमिलाप गराउन सक्नेछ।	न्यायिक समितिले प्राप्त भएको मितिले तीन महिनाभित्र मुद्दाका पक्षहरूबीच मेलमिलाप गराई सोको जानकारी मुद्दा हेर्ने निकायलाई गराउनु पर्नेछ । (३) उपदफा (२) बमोजिमको अवधिभित्र मेलमिलाप हुन नसकेमा त्यस्तो व्यहोरा जनाई सम्बन्धित पक्षलाई जानकारी दिई सो मुद्दा सम्बन्धी मिसिल तथा कागजात मुद्दा हेर्ने निकायमा फिर्ता पठाउनु पर्नेछ र त्यसरी फिर्ता आएकोमा मुद्दा हेर्ने निकायले त्यस्तो मुद्दा कानून बमोजिम कारबाही र किनारा गर्नेछ।"	
३२.	३३	नयाँ व्यवस्था थप	"४९. **<u>निर्देशिका वा कार्यविधि बनाउन सक्ने</u>** : यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही परिषद्ले आवश्यक निर्देशिका वा कार्यविधि बनाउन सक्नेछ।"	ऐनको कार्यान्वयनको लागि आवश्यक पर्ने प्रत्यायोजित विधायन जारी गर्न अधिकार प्रत्यायोजन गर्न आवश्यक भएकोले।